**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ४८ ★ ने. सं. ११४६ चिल्ला गा, नवमी ★ बिहीबार ★ २८ फागुन, २०८२ ★ March 12, 2026, Thursday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## संसदीय निर्वाचनलाई फर्केर हेर्दा

काठमाडौं, २७ फागुन । हरेक प्रतिस्पर्धामा आयोजकहरूले समान अवसरको बन्दोबस्त गरेको हुन्छ । निर्वाचनको प्रचारको दिन र घण्टा, प्रचारको शैली एवं निष्पक्षता अत्यन्त महत्त्वपूर्ण हुन्छ । निश्चय पनि निर्वाचन एक व्यापक जनमतको अवसर हो । यो देशको अर्थतन्त्र, अन्तर्राष्ट्रिय वा विदेश नीति, कृषि, शिक्षा, स्वास्थ्य, प्रशासन, सरकारहरू एवं शासक दलहरू तथा सरकारहरूका राम्रा र नराम्रा विषयमा पक्ष र विपक्षमा एवं विभिन्न ठाउँ र मञ्चहरूमा सफाइ दिन पाउने ठुलो अवसर हो । एक प्रकारले महानिर्वाचन देशको राज्य र राजनीति विषयको विश्वविद्यालयको एक व्यापक कक्षा सञ्चालन हो । निर्वाचनको बेला सबै दलहरूले गरेका वाचा, देशबारे र प्रतिपक्षलाई दिएको उत्तर र प्रश्नहरूलाई एकै ठाउँमा सँगाल्ने हो भने यो 'एउटा ठुलो पुस्तक' वा अध्ययन सामग्री साबित हुनेछ ।

तर, भर्खर सम्पन्न निर्वाचनमा छलफलको कम समय र अभिव्यक्तिको स्वतन्त्रतामा देखिएको अङ्कुशले प्रजातन्त्रको एउटा ठुलो महत्त्वपूर्ण भागलाई हिलोमा फाल्नेजस्तै भएको छ । त्यसमा पनि 'अनलाइन सदस्यता वितरण' जस्ता प्रचारयन्त्रको प्रयोगले जनताको बाहिर आएर आकाश र जमिनमा बसेर गर्ने अभिव्यक्ति स्वतन्त्रतामा आघात पर्न गएको जानकारहरू प्रस्ट छन् । वर्तमान सरकार र निर्वाचन आयोगले सम्भावित विषयलाई अभिव्यक्ति दिन सकेनन् ।

एकातिर निर्वाचनको मौन अवधिमा राजनीतिक दलहरूलाई प्रचार गर्न रोक लगाउनु अर्कोतिर बीबीसी, सीएनएन, रोयटर्स, डिडब्लू, न्युयोर्क टाइम्स, इन्डिएन न्युजजस्ता विदेशी प्रचारयन्त्रहरूले हाकाहाकी घरघरमा प्रचार गर्दा नेपाली जनतामा विदेशीहरूको एक प्रकारले राजनीतिक गतिविधिमा हस्तक्षेपजस्तै हुन पुग्यो । हरेक दिन प्रचारलाई छुट दिनुपर्नेबारे सरकार र निर्वाचन आयोगको दृष्टिकोण सान्है साँगुरो देखियो वा विदेशी प्रभावको ढोका खोलिदियो भन्नेमा अन्यथा मान्नुपर्ने छैन ।

एकातिर हामीले आफ्नो देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकताप्रति चिन्ता गर्ने अर्कोतिर विदेशी प्रचारयन्त्रका साँढेहरूलाई हाम्रा बगैंचामा खेल्न दिँदा के व्यवहारमा हाम्रो देशको गतिविधि निष्पक्ष होला ?

हाम्रो देशमा आज विदेशी प्रभाव बढ्यो, देश डुब्न लाग्यो भनी आर्थिक र विविध विषयमा समाचारपत्रहरूले जनतालाई सचेत पार्ने तर देश जोगाउन मतदाताहरूलाई सचेत र जगाउनुपर्ने मौन अवधिमा राजनीतिक पार्टीलाई प्रचार प्रसार गर्न रोक लगाई अनलाइन एवं विदेशी प्रचारयन्त्रलाई छुट दिनु देशको राजनीतिक भविष्यको निम्ति राम्रो लक्षण हुनेछैन ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू वा 'डलरको छेलोखेलो' ले देशले ठुलो क्षति भोगिरहेकै बेला निर्वाचनमार्फत वा जनताको मत लिएर विजयी भएकाहरूको आवाजलाई देशकै निम्ति छेक्न खोज्दा इरानको घटना देशमा दोहोरिने निश्चित छ ।

यसपालिको निर्वाचनमा जसरी चौतर्फी विदेशी हस्तक्षेप र प्रभाव कहिल्यै भएको थिएन । केही तथ्य तल उल्लेख गर्दा उपयुक्त होला -

१) केही जिल्लामा मतगणना केन्द्रमा विदेशी क्यामरा बोक्ने महिला र पुरुषहरू देखिए । दलका उम्मेदवारहरूलाई समेत कडाइ गर्ने कोठामा विदेशीहरूले छुट कसरी पाए ? साथै 'घण्टी' का मतपत्रहरू धेरै देख्दा ती विदेशीहरूले आफ्नो हातको बुढी औँला देखाएर मौन 'बधाई' दिए । तर, नेपाली पत्रकारहरूलाई मात्रै होइन उम्मेदवारका एजेन्टहरूलाई समेत मोबाइल प्रयोग गर्न दिएको थिएन ।

२) केही जिल्लामा अमेरिकी सेनासमेत मतगणना केन्द्रमा सैनिक पोशाकमै उपस्थित थिए ।

३) विदेशमा बस्ने नेपाली युवाबाट आ-आफ्ना अभिभावकहरूलाई 'घण्टी' लाई मत दिएन भने हामीलाई कामको पैसा 'दिँदैन' भनी रुवावासी तथा दबाबको अनुभव घरघरमा भएका छन् भनी व्यापक सुनियो ।

४) दुई दुई पटक गृहमन्त्री भएका व्यक्तिको दलसमेत नयाँ पार्टी र नेता भनी ढाँट्दा पनि निर्वाचन आयोग र पत्रपत्रिका मौन !

५) सबभन्दा राम्रो दृश्य मतदानमा र मतगणनामा देखियो - सबै शासक दलहरू एउटै दलको रूपमा मित्रवत् देखिए । सम्भवत: अब बन्ने सरकारमा ती सबै दल सरकारमा जानेछन् र 'प्रजातन्त्र' को सबभन्दा राम्रो सौन्दर्य भनेको 'सशक्त प्रतिपक्ष' हो । अब हाम्रो संसद् त्यसको अभावमा खल्लो लाग्ने बुद्धिजीवी समाजमा व्यापक चर्चा छ ।

## इरानको निर्णयलाई प्रजग कोरियाको समर्थन

प्योङ्याङ, ११ मार्च । मोज्तबा खामेनीलाई नयाँ सर्वोच्च नेता चयन गर्ने इरानको निर्णयलाई प्रजातान्त्रिक जनगणतन्त्र (प्रजग) कोरियाले सम्मान गर्ने जनाएको छ । साथै उसले इरानमाथि भएको अमेरिका-इजरायलको आक्रमणलाई अवैध भन्दै कडा निन्दा पनि गरेको छ ।

प्रजग कोरियाको सरकारी समाचार संस्था कोरियन सेन्ट्रल न्युज एजेन्सी ( केसीएनए) ले बुधबार प्रजग कोरियाको विदेश मन्त्रालयका एक प्रवक्तालाई उद्धृत



गर्दै इरानी जनताले आफ्नो सर्वोच्च नेता चयन गर्ने अधिकारलाई प्योङ्याङले सम्मान गर्ने जनाएको हो ।


मोज्तबा खामेनी इरानका पूर्वसर्वोच्च नेता आयतोल्लाह अली खामेनीका माइला छोरा हुन् । अली खामेनी गत फेब्रुअरी २८ मा युद्धको सुरुवातमै भएको अमेरिका-इजरायलको आक्रमणमा मारिएका थिए । त्यसपछि इरानको एक्सपर्ट्सको सभाले मोज्तबा खामेनीलाई इस्लामिक क्रान्तिको नयाँ सर्वोच्च नेताका रूपमा चयन गरेको घोषणा गरेको थियो ।

विदेश मन्त्रालयका प्रवक्ताले भनेका छन्, "अमेरिका र इजरायलले इरानमाथि गरेको अवैध सैन्य आक्रमणले क्षेत्रीय शान्ति र अन्तर्राष्ट्रिय स्थिरतालाई कमजोर बनाएको छ, जसको हामी कडा निन्दा गर्छौं" कुनै देशको राजनीतिक प्रणाली र भौगोलिक अखण्डतामाथि आक्रमण गर्नु अस्वीकार्य भएको भन्दै विश्व समुदायले यसको विरोध गर्नुपर्ने पनि उनले बताएका छन् ।

यसअघि पनि उत्तर कोरियाले इरानमाथि भएको अमेरिका-इजरायल आक्रमणलाई गुण्डागर्दी शैलीको व्यवहार भन्दै आलोचना गरेको थियो । यसैबिच, केसीएनएले प्रजग कोरियाका नेता किम जोङ उनले देशको नयाँ तथा सबैभन्दा ठुलो नौसैनिक विध्वंसक जहाज चोए ह्योनबाट रणनीतिक क्रुज मिसाइल परीक्षणको अनुगमन गरेको पनि जनाएको छ । किमले सो परीक्षणको क्रममा शक्तिशाली र भरपर्दो परमाणु प्रतिरोध क्षमता कायम राख्ने र विस्तार गर्ने रणनीतिक आवश्यकता रहेको बताएका थिए ।

## मध्यपूर्व द्वन्द्वको प्रभाव अफगान बालबालिकामा सहयोग बढाउन युनिसेफको आग्रह

काबुल, २७ फागुन (सिन्ह्वा) । मध्यपुर्व क्षेत्रमा बढ्दै गएको द्वन्द्व र अस्थिरताले इरानमा बसोबास गर्दै आएका अफगान परिवारहरूलाई स्वदेश फर्किन बाध्य बनाइरहेको छ । यसरी ठुलो सङ्ख्यामा फर्किरहेका परिवारहरूसँगै बालबालिकाको अवस्था निकै जोखिमपूर्ण बन्दै गएको संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले जनाएको छ । युनिसेफका अनुसार सीमावर्ती क्षेत्रहरूमा आइपुग्ने धेरै परिवारहरू अत्यन्त थकित, चिन्तित र आधारभूत सहयोगको आवश्यकता भएको अवस्थामा देखिएका छन् ।



पश्चिमी अफगानिस्तानको हेरात प्रान्तस्थित इस्लाम काला सीमा नाकालगायतका विभिन्न प्रवेश बिन्दुहरूमा इरानबाट फर्किने अफगान परिवारहरूको सङ्ख्या पछिल्लो समय उल्लेख्य रूपमा बढेको छ । धेरैजसो परिवारहरू अचानक यात्रा गर्न बाध्य भएका कारण उनीहरूसँग पर्याप्त खाद्यान्न, स्वास्थ्य सेवा वा सुरक्षित बसोबासको व्यवस्था नभएको अवस्था छ । लामो र कठिन यात्राका कारण विशेष गरी साना बालबालिका, गर्भवती महिला र वृद्ध व्यक्तिहरू बढी प्रभावित भएका छन् ।

अफगानिस्तानका लागि युनिसेफका प्रतिनिधि ताजुद्दीन ओयेवालेले स्वागत केन्द्रहरूमा पुगिरहेका आमाहरू आफ्ना बालबालिकासहित अत्यन्तै थकित र मानसिक दबाबमा रहेको बताउनुभएको छ । उहाँका अनुसार धेरै बालबालिकाले लामो यात्रा, खानपानको अभाव र असुरक्षित अवस्थाका कारण शारीरिक तथा मानसिक समस्या भोगिरहेका छन् । उहाँले आगमनको सङ्ख्या अझै बढ्ने सम्भावना रहेको उल्लेख गर्दै यदि आवश्यक सहयोग तुरुन्त उपलब्ध गराउन सकिएन भने बालबालिकाको स्वास्थ्य र सुरक्षामा गम्भीर असर पर्ने चेतावनी दिनुभएको छ ।


उपलब्ध तथ्याङ्कअनुसार पछिल्लो एक वर्षमा मात्र करिब तीस लाख अफगान नागरिक छिमेकी देशहरूबाट अफगानिस्तान फर्किएका छन् । तीमध्ये अधिकांश इरान र पाकिस्तानबाट फर्किएका हुन् । फर्किने व्यक्तिहरूमध्ये झन्डै साठी प्रतिशत बालबालिकासहितका परिवार रहेका छन् । ठूलो सङ्ख्यामा परिवारहरू एकैचोटि फर्किंदा स्थानीय समुदाय, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य आधारभूत सेवाहरूमा थप दबाब परेको छ ।

अफगानिस्तान पहिले नै आर्थिक कठिनाइ, बेरोजगारी, खाद्यान्न अभाव र कमजोर स्वास्थ्य संरचनाका कारण मानवीय सङ्कटको सामना गरिरहेको देश हो । यस्तो अवस्थामा बाहिरबाट ठुलो सङ्ख्यामा फर्किने परिवारहरूले देशको सीमित स्रोतसाधनमाथि अझ बढी दबाब सिर्जना गरेका छन् । धेरै परिवारहरू घरबारविहीन छन् र उनीहरूलाई बसोबास, खाद्यान्न, स्वास्थ्य सेवा तथा सरसफाइ सामग्रीको तत्काल आवश्यकता रहेको छ ।

युनिसेफले विशेषगरी बालबालिकाको पोषण अवस्था, स्वास्थ्य सेवा, सुरक्षित पिउने पानी, सरसफाइ र स्वच्छतासम्बन्धी सामग्री उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदाय, दातृ संस्था तथा मानवीय सहयोग निकायहरूलाई सहयोग बढाउन आग्रह गरेको छ । संस्थाले सीमावर्ती क्षेत्रमा अस्थायी सहायता केन्द्रहरू सञ्चालन गर्दै बालबालिका र आमाहरूलाई आवश्यक स्वास्थ्य सेवा, पोषण आहार तथा मनोसामाजिक सहयोग उपलब्ध गराउने प्रयास गरिरहेको जनाएको छ ।

युनिसेफका अनुसार समयमै पर्याप्त सहयोग नपुगेमा हजारौँ बालबालिका कुपोषण, रोग तथा असुरक्षाको जोखिममा पर्न सक्छन् । त्यसैले अफगानिस्तान फर्किने परिवारहरूलाई दीर्घकालीन सहयोग र पुनर्स्थापना कार्यक्रम आवश्यक रहेको संस्थाले जोड दिएको छ ।

**व्यङ्ग्यचित्रको कुनो**





**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

❖परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।

❖स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।

❖सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।

❖घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।

❖जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।

❖साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**विरोध र्‍याली**

फागुन २३ गते सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बेहोस अवस्थामा फेला परेकी इनिसा विकको सामूहिक बलात्कारपछि हत्या भएको भन्दै दोषीलाई कारबाहीको माग गर्दै मृतकका आफन्तहरूले वीरेन्द्रनगरमा निकालेको विरोध र्‍याली। *तस्बिर: सुरेश आचार्य/रासस*

# प्रतिनिधिसभा बैठक आह्वानको तयारी गरिँदै

काठमाडौँ, २७ फागुन। यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको मतपरिणाम आउनेक्रम अन्तिम चरणमा पुगेको छ। निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम सार्वजनिक भएलगत्तै प्रतिनिधिसभा बैठक बोलाउने गरी तयारी गर्न थालिएको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

नेपालको संविधानको धारा ९३ मा संसद् अधिवेशनको आह्वान र अन्त्यको व्यवस्था उल्लेख छ। उक्त प्रावधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्छ।

संविधानमा ३० दिनभित्र भनिए पनि सचिवालयले भने बैठक आह्वानका लागि विगतदेखि एक वा दुई हप्ताभन्दा ढिला नगरेको सचिवालयका प्रवक्ता एकराम गिरीले राससलाई जानकारी दिनुभयो। "सचिवालयले नवनिर्वाचित सांसदहरूलाई काठमाडौँ आउनका लागि करिब १० दिनको समय दिएर संसद् बैठकका लागि सूचना आह्वान गर्छ। यहीबिचमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिनुहुन्छ र उहाँले अरु सांसदलाई शपथ गराउनुहुन्छ," उहाँले भन्नुभयो।

सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्यले सभामुखको भूमिका निर्वाह गर्ने कानुनी प्रावधान रहेको प्रवक्ता गिरीले जानकारी दिनुभयो। "संसद्को पहिलो बैठकले सभामुखको निर्वाचन घोषणा गर्छ, साथै सभामुखको अनुपस्थितिमा भूमिका निर्वाह गर्नका लागि प्रत्येक दलबाट तीन जनाका दरले सांसदको नाम मागेर अनुमोदन गरिन्छ। त्यसपछि बस्ने पहिलो बैठकमा अध्यादेश छन् भने पेस गरिन्छन्," उहाँले भन्नुभयो।

**मूल बैठक तयारी नभएकाले अर्को हलमा संसद् बैठक बस्ने**

निर्माणाधीन संसद् भवनको निर्माण सम्पन्न भइनसकेकाले अबको प्रतिनिधिसभाको केही समयसम्म अर्को प्रयोजनका लागि निर्मित हलमा बस्ने तयारी भइरहेको प्रवक्ता गिरीले जानकारी दिनुभयो। "प्रतिनिधिसभा र राष्ट्रियसभाका लागि निर्माणाधीन भवनको बिचमा रहेको उक्त हलमा बैठक तयारीका लागि आवश्यक प्राविधिक व्यवस्थापन काम भइरहेको छ," उहाँले भन्नुभयो।

सहरी विकास मन्त्रालय र निर्माण कम्पनी टुण्डी सेक ज्वाइन्ट भेञ्चरबिच विसं २०७६ असोज १६ गते भएको सम्झौताअनुसार सङ्घीय संसद् भवन तीन वर्षभित्र अर्थात् २०७९ असोज १५ गतेसम्म निर्माण भइसक्नुपर्ने थियो। कोरोना महामारीलगायत विभिन्न कारण देखाउँदै हालसम्म उक्त भवन निर्माण सम्पन्न हुन सकेको छैन।

एक सय ५१ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको परियोजनाअन्तर्गत प्रतिनिधिसभा भवन, राष्ट्रियसभा भवन, अतिविशिष्ट कक्ष र अन्य कार्यालयलगायत १२ भवन हुनेछन्। संसद् भवनभित्र मुख्य भवन आठ वटा हुनेछन्। भवनभित्र ३५० सिट क्षमताको संयुक्त लबी हुनेछ भने सानाठुला गरी १० वटा संसदीय दलका कार्यालय हुनेछन्। यसका चार अतिरिक्त अतिरिक्त विशिष्ट कक्ष, दुई संसद् सचिवालय भवन, संसद् लाइब्रेरी, दुईवटा क्यान्टिन क्रमशः १०० र ३०० जना अट्ने क्षमताका र ३९० वटा गाडी पार्किङ क्षमता हुनेछ। ***रासस***

# युवा उद्यमी उपसमिति गठन

भक्तपुर, २७ फागुन। भक्तपुर उद्योग वाणिज्य सङ्घअन्तर्गत जिल्लाका युवा उद्यमीहरू सम्मिलित युवा उद्यमी उपसमिति मङ्गलबार गठन गरियो।

सङ्घका कार्यसमिति सदस्य एवं युवा उद्यमी कृतन अवालको संयोजकत्व एवं शिशिर किसीको सहसंयोजकत्वमा २० सदस्यीय उपसमिति घोषणा गरिएको हो।

उपसमितिका सदस्यहरूमा बिजोन त्वानाबासू, युगल राजभण्डारी, सलिन अवाल, निरज जंग, शैलेश न्यौपाने, रोमित माकजू, विशाल जंग मल्ल, रोहित मानन्धर, सन्नी वैद्य रहनुभएको छ। यसैगरी सदस्यहरूमा सचिन राजवाहक, आयुष त्वानाबासु, अस्मिता श्रेष्ठ, विशाल प्रजापति, सुशान्त सुवाल, मुस्कान मानन्धर, सुजित दुवाल, निष्कर्ष घिमिरे र शिरिष माकजू श्रेष्ठ रहनुभएको छ।

कार्यक्रममा सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले नवगठित युवा उद्यमी उपसमिति जिल्लाका नवउद्यमीहरूको लागि प्रेरणाको स्रोत बन्नुपर्नेमा जोड दिनुभयो। सङ्घका वैधानिक उद्देश्य तथा लक्ष्यहरू प्राप्तिका लागि उपसमितिमा आबद्ध युवा उद्यमीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै उहाँले युवा उद्यमशीलता प्रवर्द्धन तथा विभिन्न व्यवसायिक गतिविधिमा संलग्न युवाहरूबिच सहकार्य गरी अगाडि बढ्ने उपसमितिको मुख्य उद्देश्य हुनुपर्ने बताउनुभयो।

नवगठित युवा उद्यमी उपसमितिका संयोजक अवालले युवाहरूको बढ्दो विदेश पलायनप्रति चिन्ता व्यक्त गर्दै देशमै व्यवसाय गरी आर्थिक उत्थान गर्न प्रेरित गर्ने आफूहरूको प्रमुख उद्देश्य रहेको बताउनुभयो।

देशमा विभिन्न व्यवसायको प्रशस्त सम्भावना रहेको भए पनि बजारको यथार्थ अनुसन्धानबिना व्यवसाय गर्नाले कैयौँ उद्यमी व्यवसायीहरू स्थापित हुन नसकी पलायन हुनुपर्ने अवस्थामा रहेको उहाँको भनाइ छ। उहाँले भक्तपुर उद्योग वाणिज्य सङ्घको विशेष सहयोगमा जिल्लामा बिजनेस इक्युबेसन सेन्टर स्थापना गरी नवउद्यमीहरूलाई व्यवसाय प्रवर्द्धनका लागि सहयोग गर्ने तथा आवश्यक परामर्श दिने उद्देश्यका साथ उपसमितिमार्फत काम गर्ने आफूहरूको सोच रहेको बताउनुभयो।

सङ्घका पूर्वअध्यक्ष एवं सल्लाहकार शिवप्रसाद मानन्धर, वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिलगायतले व्यवसाय सञ्चालनको क्रममा विभिन्न समस्या आउने हुँदा हतोत्साही नभई निरन्तर अगाडि बढेमा सफलता प्राप्त हुने बताउनुभयो। युवा उद्यमीहरूले नयाँ व्यवसायिक योजनाको स्पष्ट खाका तयार गरी ल्याएमा आफूहरूले लगानीको वातावरण तयार गर्ने उहाँहरूको भनाइ छ।

# नयाँ सरकारसँग युवाको अपेक्षा सुशासन, भ्रष्टाचार नियन्त्रण र रोजगारी

काठमाडौँ, २७ फागुन। प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणना अन्तिम चरणमा पुगेसँगै अब बन्ने नयाँ सरकारप्रति देशभरका युवापुस्ताको चासो र अपेक्षा बढेको छ। 'जेनजी' पुस्ताका युवाहरूले आगामी सरकारबाट सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र प्रणालीगत सुधारको अपेक्षा गरेका छन्।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित नवयुवाको उपस्थितिका कारण पनि युवामैत्री नीति, डिजिटल सेवा, सन्तुलित र पादर्शी विकास अब बन्ने सरकार केन्द्रित रहने आशा जेनजी पुस्ताले व्यक्त गरेका हुन्। गत भदौ २३ गते भ्रष्टाचार र बेथितिविरुद्ध भएको 'जेनजी' प्रदर्शनमा सहभागी भएर घाइते हुनुभएका २५ वर्षीय मदन कार्कीले अब बन्ने सरकारले युवापुस्ताको माग र मर्मलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। निर्वाचनमा मतदान गरेर फर्किएपछि उहाँले अब बन्ने सरकारप्रति सकारात्मक परिवर्तनको आशा राखेर आफू मतदानमा सहभागी भएको बताउनुभयो।

कार्कीले सरकार र 'जेनजी' आन्दोलनका समूहबिच भएका १० बुँदे सहमति कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो। "नेपालीले आफ्नै देशभित्र सुरक्षित र सम्मानपूर्वक बाँच्न पाउने वातावरण बनोस्। सुशासन कायम होस् र भ्रष्टाचारको अन्त्य होस्। अब बन्ने सरकारले आन्दोलनका क्रममा भएका घटनाका दोषीलाई कारबाही गर्नुपर्छ," उहाँले भन्नुभयो।

उक्त आन्दोलनका क्रममा घाइते हुनुभएकी लिजा अधिकारी अहिले पनि अस्पतालमा उपचाररत हुनुहुन्छ। बीस वर्षीया अधिकारीले अस्पतालको शय्याबाटै अब बन्ने सरकारले युवाका माग कार्यान्वयन गर्ने आफ्ना अपेक्षा व्यक्त गर्नुभयो।

जेनजी आन्दोलनले उठाएका मुद्दाहरू भ्रष्टाचार अन्त्य, पारदर्शिता र सुशासन अबको सरकारले कार्यान्वयनमा ल्याउनुपर्नेमा अधिकारीले जोड दिनुभयो। "हामीले आन्दोलनमार्फत उठाएका माग पूरा हुनेमा विश्वास छ। सुशासनसँगै देशभित्रै रोजगारी सिर्जना गर्न सरकारले ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो।

रामेछाप स्थायी घर भई काठमाडौँमा बस्दै आएकी २२ वर्षीया सुजता कार्कीका अनुसार जेनजी आन्दोलनपछि युवाहरूमा राजनीतिप्रतिको चासो बढेको छ। अब बन्ने सरकारले युवाहरूका लागि 'पार्टटाइम' रोजगारीको व्यवस्था गर्ने र विकट तथा पिछडिएका क्षेत्रलाई पूर्वाधार विकासमा प्राथमिकता दिनुपर्ने उहाँको सुझाव छ।

"पहिले मलाई राजनीतिमा खासै रुचि थिएन। तर, आन्दोलनपछि राजनीतिक गतिविधिमा ध्यान दिन थालेकी छु। देशमा रोजगारीको अवसर हुनुपर्छ। विदेश जानुपरे पनि कामका लागि होइन, घुम्नका लागि मात्र जाऊँ भन्ने अवस्था बन्नुपर्छ," उहाँले भन्नुभयो।

दोलखाका २३ वर्षीय विशाल बुढाथोकीका अनुसार अब बन्ने सरकारले पुराना दलले गर्न नसकेका नीतिगत सुधार र पूर्वाधार विकासलाई गति दिनुपर्छ। गाउँ र सहरबिच भएका विकासका असन्तुलन हटाउन सरकारले प्राथमिकता दिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

"सहरमा विकास देखिन्छ तर गाउँमा त्यो स्तरको विकास छैन," उहाँले भन्नुभयो। विदेशमा अध्ययन गर्ने योजना बनाएका बुढाथोकीले अध्ययनपछि स्वदेश फर्केर व्यवसाय गर्ने वातावरण बन्ने अपेक्षा गर्नुभएको छ।

काठमाडौँका २७ वर्षीय विनय ढुङ्गानाले आफ्नो मत परिवर्तनको पक्षधरलाई भएको भन्दै डिजिटल सरकार (डिजिटल गभर्नेन्स) र उत्पादनमुखी अर्थतन्त्रमा सरकारले ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

उहाँले भन्नुभयो, "नयाँले धेरै गर्छन् भन्ने भन्दा पनि पुरानाले केही गरेनन् भन्ने निराशाले मत फेरेको हो। सरकारी सेवा प्रवाह सरल र सहज बन्ने अपेक्षा छ। सामान्य कामका लागि भनसुन वा पैसा दिनुपर्ने अवस्था अन्त्य हुने विश्वास छ।"

दोलखाका २४ वर्षीय किरण बुढाथोकीले जनताले परिवर्तनका लागि मत दिएको स्मरण गराउँदै अब बन्ने सरकारले प्रणाली विकासमा ध्यान दिएपछि मात्रै विकासका काम प्रभावकारी बन्नुपर्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "हामीले चाहेको दल सरकार बनाउनतर्फ अघि बढेको छ। अब जनताले खोजेको सरकार आउने देखिन्छ। पर्यटन, जलविद्युत् र कृषिमा सरकारले ठुलो सम्भावना भएको क्षेत्रको रूपमा काम गर्नुपर्छ। घोषणापत्र कार्यान्वयन गर्नुपर्छ।"

खोटाङकी १९ वर्षीया सलिना राईले युवाहरू विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नु अबको सरकारको मुख्य जिम्मेवारी हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "मेरो परिवार र गाउँका धेरै युवाहरू रोजगारीका लागि विदेशिएका छन्। स्वदेशमै भरपर्दो रोजगारी नहुँदा हामी अन्योलमा छौँ। अबको सरकारले रोजगारी सिर्जना गर्छ भन्ने विश्वास छ।" ***रासस***

# कामदारवर्गको राज्य सत्ता ल्याउन जनतालाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने

कैलाली, २७ फागुन। नेपाल क्रान्तिकारी महिला सङ्घ कैलाली जिल्ला समितिको आयोजनामा ११६ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम हालै सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाले सधैँ वर्गीय राजनीति गर्दै आएको चर्चा गर्दै जबसम्म बहुसङ्ख्यक कामदार जनताको राज्य सत्ता आउँदैन तबसम्म श्रमिक महिलाहरूको हित नहुने स्पष्ट पार्नुभयो।

उहाँले कामदारवर्गको राज्य सत्ता ल्याउनको लागि सम्पूर्ण जनतालाई राजनीतिक रूपमा सचेत पार्नुपर्ने आवश्यकता औँल्याउँदै पुँजीवादी निर्वाचनबाट आमूल परिवर्तन सम्भव नहुने र कामदार जनताको हित नहुने उल्लेख गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य तथा कैलाली संयोजक रमेशकुमार रावलले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसबारे जानकारी दिँदै अन्तर्राष्ट्रिय श्रमिक महिलावादीहरू क्लारा जेटकिन र रोजा लक्जेम्बर्गको योगदानबारे जानकारी गराउनुभयो।

नेक्रामहिला सङ्घका केन्द्रीय सहसचिव तथा कैलाली अध्यक्ष लक्ष्मी पुनले श्रमजीवीवर्गका महिलाहरूले आफू को हुँ भन्ने नबुझेर पुँजीपतिवर्गको महिलाको समर्थनमा बोलेको देखिन्छ भन्नुभयो। कार्यकर्ताले गाउँगाउँमा गएर श्रमिकवर्गलाई राजनीतिक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

कार्यक्रममा आरआर, गगन थापामगर, ज्योति बडुवाल, देविसरा अधिकारी, लक्ष्मी तारामी, जानकी सिजापति, हरिकला विष्ट, अमृता भुल, तृष्णा पुन, प्रेम सिजापति, टीएस र एचबीले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो।

# यात्रु उद्धारका लागि नेपाल वायुसेवा निगमको जहाज बुधबार राति दुबई प्रस्थान गर्दै

काठमाडौँ, २७ फागुन। नेपाल वायु सेवा निगमले बुधबार राति 'स्पेसल फ्लाइट' (विशेष उडान) मार्फत दुबईको विमानस्थलमा रोकिएका यात्रुको उद्धार गर्ने जनाएको छ।

निगमले मङ्गलबार एक उडान सूचना प्रकाशन गर्दै बुधबार राति ११:१५ बजे वाइडबडी विमानबाट नेपालमा रोकिएका यात्रु दुबई लैजाने छ भने दुबईबाट काठमाडौँ आउनका लागि रोकिएका यात्रुलाई उद्धार गरी स्वदेश फिर्ता ल्याउने भएको हो। दुबईबाट उडेको आरए २३० (दुबई-काठमाडौँ) वाइडबडी बिहीबार बिहान ४:१० बजे काठमाडौँ फर्किने तालिकामा उल्लेख गरिएको छ।

अमेरिका-इरान युद्ध सुरु भएपश्चात् रोकिएका यात्रुको उद्धारका लागि १२ औँ दिनपछि पहिलोपटक निगमले दुबईमा विशेष उडान भर्न लागेको निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार 'पहिलो जो आउँछ उसैलाई पहिलो सेवा' भन्ने मान्यताका साथ यात्रुलाई प्राथमिकतामा राखिएको छ। उहाँले बुधबार राति २७० देखि २८० जना यात्रु दुबई पुग्ने जानकारी दिनुभयो।

खासगरी दुबईमा उद्धारको पर्खाइमा बस्नुभएका यात्रुलाई स्वदेश फिर्ता ल्याउने उद्देश्यले स्पेशल फ्लाइटको व्यवस्था गरिएको निगमका कार्यकारी निर्देशक अमृतमान श्रेष्ठले उल्लेख गर्नुभयो।

उहाँका अनुसार आरए २२९ (काठमाडौँ-दुबई) बुधबार राति ११:१५ बजे र आरए २३० (दुबई-काठमाडौँ) बिहीबार बिहान ४:१० बजे स्वदेशका लागि उडान भर्ने तालिका छ। गत २८ फेब्रअरीदेखि ९ मार्चसम्म टिकट लिई यात्रा गर्न असमर्थ रहेका यात्रुले मात्रै बुधबार राति यात्रा गर्न पाउनेछन्। निगमबाट टिकट पुनः प्रमाणित गराई यात्रा गर्न सूचनामार्फत निगमले सबैमा अनुरोध गरेको छ। ***रासस***

## सङ्क्षिप्त समाचार

# फरार प्रतिवादी पक्राउ

भक्तपुर, २७ फागुन । भक्तपुर जिल्लाका विभिन्न स्थानबाट जिल्ला अदालत भक्तपुरबाट फैसला कार्यान्वयन भएका चेक अनादर मुद्राका दुई जना र बैङ्किङ कसुर मुद्दाका १ जनालाई पक्राउ गरिएको छ । जिल्ला अदालत भक्तपुरमा दाखिला गरिएकोमा बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी सूर्यविनायक नगरपालिका वडा नं. १ बस्ने वर्ष ३६ को दीपक न्यौपानेलाई दोषी ठहर गरिएको थियो । निजलाई अदालतले ५ दिन कैद र रु. ४,००,०००।- (चार लाख) जरिवाना गरेको थियो । उसलाई कारागार कार्यालय जगन्नाथदेवल, काठमाडौँ चलान गरिएको छ ।

# वायु प्रदूषण घटाउने परियोजनाका लागि सात अर्ब सात करोड बीस लाख वित्तीय सहयोग

काठमाडौँ, २७ फागुन । विश्व बैङ्कले नेपालमा वायु प्रदूषण घटाउन तथा वायु गुणस्तर सुधारका निम्ति रु. सात अर्ब सात करोड २० लाख ऋण अनुमोदन गरेको छ ।वायु प्रदूषणको जोखिम उच्च जोखिम भएका काठमाडौँ उपत्यकाका साथै तराईका केही भागमा 'नेपाल क्लिन एयर एण्ड प्रस्पेरिटी प्रजेक्ट' सञ्चालन गर्न उक्त रकम अनुमोदन गरिएको वाशिङ्टनडिसीस्थित विश्व बैङ्कको प्रधान कार्यालयले जनाएको छ। परियोजनाअन्तर्गत करिब ४०० औद्योगिक र व्यावसायिक उद्यमलाई धुँवारहित बनाइने छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत उद्योग विभाग र वन तथा वातावरण मन्त्रालयका साथै वातावरण विभागमार्फत परियोजना कार्यान्वयन गरिने बैङ्कले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ। *रासस*

# सार्क-जापान विशेष कोषसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर

काठमाडौँ, २७ फागुन । जापान सरकारले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सचिवालयलाई रु. एक करोड २० लाख प्रदान गर्ने भएको छ। सचिवालय र जापान सरकारबिच सार्क-जापान विशेष कोषअन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्न जापानले उक्त रकम प्रदान गर्न लागेको हो ।

सार्क सचिवालयका अनुसार उक्त सहयोगसम्बन्धी समझदारीपत्रमा सोमबार हस्ताक्षर भएको छ। सचिवालयमा आयोजित कार्यक्रममा सार्कका महासचिव गोलाम सरवर र नेपालका लागि जापानका राजदूत माएदा तोरुले उक्त सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको सार्क सचिवालयद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उक्त कार्यक्रमले जापान र सार्क मुलुकबिचको मैत्री, सहकार्य तथा आपसी सम्बन्ध सुदृढ बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। *रासस*

# दुई फर्ममाथि विभागको जरिवाना

काठमाडौँ, २६ फागुन । नियमित रूपमा बजार अनुगमन गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एकै दिन १३ वटा फर्ममाथि अनुगमन गरेको छ ।

अनुगमनको क्रममा कैफियत देखिएपछि विभागले दुई वटा फर्मलाई जरिवाना गरेको छ। विभागले सिन्धु फलफूल तथा फ्रेस सेन्टर मध्यपुर थिमीलाई रु. २० हजार र पञ्चकन्या त्रिदेव डेरी पसल नयाँ बानेश्वरलाई रु. १० हजार जरिवाना गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ बमोजिम ती दुई फर्ममाथि जरिवाना गरिएको हो ।

यस्तै, विभागले थप ११ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ । विभागले स्थानीय सरोकारवाला तथा उपभोक्ता अधिकारकर्मीको सहभागितामा नियमित रूपमा बजार अनुमगन गर्दै आएको छ। *रासस*

# वायु प्रदूषणबाट सावधानी अपनाउन प्रहरीको सार्वजनिक अनुरोध

काठमाडौँ, २७ फागुन । प्रहरी प्रधान कार्यालयले काठमाडौँलगायत प्रमुख सहरहरूमा वायु प्रदूषणको स्तर चिन्ताजनक रूपमा बढेको उल्लेख गर्दै आवश्यक सावधानी अपनाउन सार्वजनिक अनुरोध गरेको छ। नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले प्रदूषण बढेकाले बुधबार सार्वजनिक सूचना जारी गरेर आफ्नो स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिन र सर्तकता अपनाउन अनुरोध गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार नेपाल प्रहरीले नागकिरमा ६ बुँदे अनुरोध जारी गर्दै अत्यावश्यक काम नपरी घर बाहिर ननिस्किन आग्रह गरेको छ। त्यस्तै सकेसम्म समूहमा मिलेर वा एकापसलाई 'लिफ्ट' दिएर सवारीसाधनको कम प्रयोग गर्न, आफ्नो वरिपरि आगो लगाएर फोहर नजलाउन, वायु प्रदूषणको स्तर उच्च भएको बेला घर बाहिरको गतिविधि नगर्न प्रहरीले अनुरोध गरेको छ ।

विशेषत: बालबालिका, वृद्धवृद्धा र श्वासप्रश्वासमा समस्या भएकाहरूले थप सावधानी अपनाउन अनुरोध गर्दै प्रहरीले नियमित मास्कको अनिवार्य प्रयोग गर्न पनि भनेको छ। श्वासप्रश्वाससम्बन्धी कुनै समस्या आएमा तत्काल नजिकैको अस्पताल, स्वास्थ्य केन्द्र वा चिकित्सकसँग सम्पर्क गर्न अनुरोध गरेको पनि प्रवक्ता काफ्लेले बताउनुभयो ।

मौसममा आएको बदलीसँगै नेपालमा पनि प्रदूषणको मात्रा बढिरहेको छ। उपत्यकालगायत सहरी क्षेत्रमा बढी प्रभाव देखिएको छ। यो समयमा स्वास्थ्यको विशेष ख्याल गर्न स्वास्थ्य मन्त्रालयले सबैमा अनुरोध पनि गरिसकेको छ । *रासस*



**मेसिनबाट चैते धान रोपाइँ गर्दै**

चितवनको भरतपुर महानगरपालिका-६ देवनगरमा किसान मेसिनको प्रयोग गरी चैते धान रोपाइँ गर्दै । जिल्लामा पछिल्लो समय धान रोप्न मेसिनको प्रयोग गर्ने क्रम बढ्दै गएको छ ।

*तस्बिर : सनद अधिकारी/रासस*

# समानुपातिकतर्फ ५१ दलले कटाएनन् 'थ्रेस होल्ड'

काठमाडौँ, २७ फागुन । प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको मतगणना सकिएसँगै निर्वाचनमा भाग लिएकामध्ये ५१ दलले थ्रेस होल्ड (संसद्मा प्रतिनिधित्वका लागि राजनीतिक दलले ल्याउनुपर्ने न्यूनतम मतको सीमा) भन्दा कम मत प्राप्त गरेका छन् ।

यही फागुन २१ गते सम्पन्न निर्वाचनमा समानुपातिक प्रणालीतर्फ संयुक्त निर्वाचन चिह्नसहित कूल ५७ दलले भाग लिएकामा छ दलले संसद्मा प्रवेश पाउने अवस्था देखिँदा ५१ दलले न्यूनतम मत सीमा कटाएका छैनन् ।

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खसेको मतमध्ये कुल सदर मतको कम्तीमा तीन प्रतिशत प्राप्त गरेका दललाई मात्रै सिट बाँडफाँट गरिने व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ । सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधिसभाको सदस्यमा निर्वाचित हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार समानुपातिकतर्फ एक करोड सात लाख ३९ हजार ११५ सदर मत गणना भएकामा राष्ट्रिय स्वतन्त्र पार्टीले ५१ लाख ३९ हजार २३५ सहित अग्रता हासिल गरेको छ। नेपाली काङ्ग्रेसले १७ लाख ४९ हजार ५८३, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले १४ लाख चार हजार ८५४, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले आठ लाख पाँच हजार ७७३, श्रम संस्कृति पार्टीले तीन लाख ७८ हजार ६४९ र राष्ट्रिय प्रजातन्त्र पार्टीले तीन लाख २९ हजार ४७२ मत हासिल गरेका छन् । यी बाहेकअन्य दलले थ्रेस होल्ड कटाउन नसकेका उहाँले बताउनुभयो ।

न्यूनतम मत सीमा नकटाउने दलमा जनता समाजवादी पार्टी (जसपा) नेपालको एक लाख ७४ हजार ३१७, राष्ट्रिय परिवर्तन पार्टीको एक लाख ७१ हजार ५०१, जनमत पार्टीले ७९ हजार, एकल चिह्न चकिया (जाँतो, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल) ले ६१ हजार ६७७, नेपाल मजदुर किसान पार्टीले ४२ हजार २४६, राष्ट्र निर्माण दल नेपालले ३८ हजार ९३३, राष्ट्रिय जनमोर्चाले २९ हजार ४४२, एकल चिह्न बस (नेपाल सङ्घीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, नेपाल जनता संरक्षण पार्टी) ले २८ हजार १७८, प्रगतिशील लोकतान्त्रिक पार्टीले २४ हजार ६१७, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २३ हजार ८५१, मङ्गोल नेसनल अर्गनाइजेसनले २० हजार ८०६, एक चिह्न मोबाइल (आम जनता पार्टी, जनादेश पार्टी नेपाल) ले १३ हजार ४४५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

त्यसैगरी, राष्ट्रिय मुक्ति आन्दोलन नेपालले १० हजार ६९५, संयुक्त नागरिक पार्टीको ९८०, स्वाभिमान पार्टीको आठ हजार १३२, राष्ट्रिय जनमुक्ति पार्टीको सात हजार २०७, नेपाल जनता पार्टीको सात हजार १५३, राष्ट्रिय एकता दलको सात हजार ५०, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेलिनवादी) ले छ हजार १६२, राष्ट्रिय गौरव पार्टीले पाँच हजार २४१, नेसनल रिपब्लिक नेपालले पाँच हजार १५७, नेपालका लागि नेपाली पार्टीले पाँच हजार सात, नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल) ले चार हजार ८२३, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले चार हजार ६६८, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) ले चार हजार ५०८, राष्ट्रिय ऊर्जा पार्टी नेपालले चार हजार ३१२, समाजवादी पार्टी नेपालको चार हजार २४८, गतिशील लोकतान्त्रिक पार्टीले चार हजार २४८ प्राप्त गरेका छन् ।

नेपाल लोकतान्त्रिक पार्टीले चार हजार १००, नेपाल मातृभूमि पार्टीले दुई हजार ९७२, राष्ट्रिय जनता पार्टी नेपालको दुई हजार ९२५, बहुजन शक्ति पार्टी नेपालको दुई हजार २६६, नेपाल जनमुक्ति पार्टीले दुई हजार १६२, जनअधिकार पार्टीले दुई हजार १०५, नेपाल सद्भावना पार्टीले दुई हजार १५ मत प्राप्त गरेका आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

पिपुल फष्ट पार्टी, नेपाली काङ्ग्रेस (बीपी), नागरिक शक्ति नेपाल, नेपाल जनश्रमदान संस्कृति पार्टी, नेपाली जनता दल, समावेशी समाजवादी पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, एकल चिह्न जगर भएको सिंह (सचेत नेपाली पार्टी, नागरिक सर्वोच्चता पार्टी नेपाल) र जनप्रिय लोकतान्त्रिक पार्टीले दुई हजारभन्दा कम मत प्राप्त गरेका उहाँले बताउनुभयो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गतको कुनै निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुन्छ। निर्वाचित उम्मेदवारको हकमा यो कुरा लागू नहुने आयोगले जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीअन्तर्गतको निर्वाचनमा कुनै दलले कम्तीमा एक सिट प्राप्त नगरेमा त्यस्तो दलले राखेको धरौटी जफत हुने व्यवस्था रहेको आयोगका सहप्रवक्ता जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा तीन प्रतिशत मत र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक सिट प्राप्त गर्ने दलले मात्र राष्ट्रिय दलको रूपमा मान्यता प्राप्त गर्नेछन् । *रासस*

# थाइल्यान्डका ३ सय भिक्षुद्वारा लुम्बिनी-रामग्राम शान्ति पदयात्रा

भैरहवा (रूपन्देही), २७ फागुन । लुम्बिनीबाट रामग्रामसम्म शान्ति, करुणा र धर्म अभ्यासको सन्देश फैलाउने उद्देश्यले थाइल्यान्डका करिब ३०० भिक्षुहरूले पदयात्रा सुरुआत गरेका छन् ।

'चारिक थुडोङ बुद्धभूमि' नाम दिइएको उक्त पदयात्रा लुम्बिनीस्थित थाई मन्दिरबाट सुरु भई दुई दिन एक रातको पैदलयात्रापछि रामग्राम पुग्ने कार्यक्रम रहेको छ। पहिलो रात भैरहवास्थित शान्ति बौद्ध गुम्बामा बस्ने र अर्को दिन रामग्राम स्तुप पुग्ने कार्यक्रम रहेको छ ।

पदयात्रा टोलीका प्रमुख आचार्य चालान अनङ्कानोले बुद्धभूमि लुम्बिनीबाट यात्रा सुरु गर्न पाउनु आफूहरूका लागि ठुलो सौभाग्य भएको बताउनुभयो। उहाँले यो यात्रा मन र आत्मालाई शुद्ध पार्ने, धर्मको अभ्यास गर्ने तथा समाजमा करुणा र दयाको भावना फैलाउने उद्देश्यले आयोजना गरिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हामी बुद्धका पाइलाहरू पछ्याउँदै धर्म अभ्यास गर्न यहाँ आएका हौँ। लुम्बिनीजस्तो पवित्र स्थलको संरक्षण गरिदिने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई साधुवाद र धन्यवाद व्यक्त गर्दछौँ।" थाइल्यान्डको श्रीसाकेत प्रान्तस्थित 'उद्यान धाम डोंग याङ' बाट आएका भिक्षुहरूको टोलीको नेतृत्व आचार्य चरन अनङ्खानोले गर्नुभएको छ। टोलीमा थाइल्यान्डका भिक्षुहरूका साथै लाओस, मलेसिया र भियतनामका भिक्षुहरू पनि सहभागी छन् ।

भन्ते विचयाका अनुसार यो पदयात्रा मुख्यत: शान्ति र आत्म अनुशासनको अभ्यासका लागि गरिएको हो । "मानिसले आफ्नो जीवनमा सहनशीलता र आत्मनियन्त्रण कति महत्त्वपूर्ण छ भन्ने अनुभव गर्न यस्तो यात्रा सहयोगी हुन्छ," उहाँले भन्नुभयो ।

पदयात्राका सहभागीहरू प्रत्येक पाइला सचेतनतासहित हिँड्दै करुणा र मैत्रीभावको अभ्यास गर्ने लक्ष्यका साथ यात्रा गरिरहेका छन् । आयोजकका अनुसार यो यात्रा बुद्ध धर्मका अनुयायीहरूले बुद्धका जीवन र शिक्षालाई स्मरण गर्दै आध्यात्मिक साधना गर्ने अवसर पनि हो ।

रामग्राम पुगेपछि टोली भारततर्फ प्रस्थान गरी कुशीनगर, वैशाली हुँदै बोधगयासम्म पैदलयात्रा गर्ने कार्यक्रम रहेको जनाइएको छ। यस प्रकारको पदयात्रा आचार्य चरन अनङ्खानोको नेतृत्वमा हरेक वर्ष आयोजना हुँदै आएको टोलीमा सहभागी स्वयंसेवक अकनन्ले जानकारी दिनुभयो । *रासस*

। सम्पादकीय ।

# भ्रष्टाचार र अनियमितता अन्त्य नगरी आर्थिक विकास नहुने

जनताले नचिनेका, जनतामाझ या गाउँ बस्तीमा कहिल्यै नपुगेका, राजनीतिप्रति चासो नभएका उम्मेदवारहरू कसरी निर्वाचित भए भन्ने चर्चा गाउँ-घर, सहर बजारको चोक चोक, गल्ली, पसलहरूमा भइरहेको छ । निर्वाचन अघिसम्म व्यक्तिगत स्वार्थ या पेसामा लागेका, विकास र राजनीतिबाट टाढा रहेका व्यक्तिहरू भारी मतले विजयी भएकोमा राजनीतिक दलका नेता, कार्यकर्ता, बुद्धिजीवी मात्र होइन सर्वसाधारण जनता नै ताजुब छन् । राजनीतिक विश्लेषकहरूले प्रश्न गर्न थालेका छन्, जनता पनि कस्ता कस्ता ! इमानपूर्वक राजनीति गरेका, देश र जनताप्रति समर्पित दलका उम्मेदवारहरू छोडेर देश र जनताको निम्ति कुनै सेवा नगरेका उम्मेदवारहरू कसरी निर्वाचित भए ? कसैको लहैलहैमा लागेर निर्वाचित उम्मेदवारहरू कस्ता कस्ता चरित्रका हुन् ? बुझ्नुपर्ने बेला आएको छ ।

हाल निर्वाचित अधिकांश सांसदहरू न राजनीतिमा लागेका थिए न त विकासमा लागेका थिए । जनतामाझ नभिजेका र नचिनेका व्यक्तिहरूलाई मतदान गर्ने जनता 'लहैलहैमा' लागेको प्रस्ट छ । जनताले हचुवाको भर या लहैलहैमा कुनै पनि दलका उम्मेदवारलाई मतदान गर्नु ठीक थिएन्, होइन । देश र जनताको पक्षमा कानुन बनाउनुपर्ने थलो संसद्मा जनताको समस्या नबुझेका, थाहा नपाएका, गाउँ, सहरको समस्या थाहा नभएका व्यक्तिहरूलाई निर्वाचित गरेर जनताको समस्या कसरी समाधान हुन्छ ? के उनीहरूले बहुमत जनताको पक्षमा ऐन - कानुन बनाउलान् ? यो जनतामा राजनीतिक चेतना नहुँदाको परिणाम हो । देशमा रहेका सबै राजनीतिक दलले आफ्ना दलका कार्यकर्ता तथा सर्वसाधारण जनतामा राजनीतिक चेतना जगाएको भए, प्रशिक्षित गरेको भए जनता कुनै हालतमा लहैलहैमा जाने थिएनन्; लोभलालचमा फस्ने र पैसाको लोभमा भुल्ने थिएनन् । राजनीतिक रूपमा सुसूचित नभएको र सांस्कृतिक स्तरको कमीले जनता लहैलहैको पछि दौडे । परिणामत: निर्वाचनमा ठुला ठुला दलका उम्मेदवारहरू सबैजसो हारे ।

मतदाताहरूले रास्वपाको उद्देश्य बुझेर, उम्मेदवारहरू चिनेर, इमानदार भएर मत हालेका होइनन् । ठुला दलहरूले पटकपटक शासन गर्दा पनि जनताको हितमा कुनै काम नगरेकाले जनतामा असन्तोष छाएको हो । विगतको निर्वाचनमा अरू दलले पनि बहुमत प्राप्त गरेको थियो । तर, त्यसलाई निरन्तरता दिन सकिएन । रास्वपाले हाल पाएको मत पनि जहिल्यै पाउँछ भन्ने कुरा होइन । यो परीक्षणको विषय हो । मुख्य कुरा सरकारको नेतृत्व परिवर्तन होइन देश र जनताको मुहारमा परिवर्तन हुनुपर्छ । देशको निर्माण महत्त्वपूर्ण पक्ष हो । युवाहरूले आफ्नै देशमा काम पाउनुपर्छ । कहीं कतै भ्रष्टाचार र अनियमितता हुनु हुँदैन । सरकारले नेपाल र नेपालीको स्वार्थ छोडेर विदेशी र विदेशको स्वार्थ खोज्ने होइन । युवाहरू विदेश पलायन नहोऊन् । सरकारको नेतृत्व गर्न र मन्त्री बन्नको निम्ति तँछाडमछाड नहोस् । जनताले राहत पाउने खालका ऐन - कानुन बनोस् । नेपालभरि विकास गर्न सन्तुलित विकास गर्नुपर्छ । देशभर विकास गर्न सडक, शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पर्यटन, प्रविधि आदि सबै क्षेत्रमा विकास पुग्नुपर्छ । आधुनिक प्रविधि ज्ञान र सीप अँगाल्दै समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्छ । के अबको सरकार सांवैधानिक व्यवस्थाअनुसार समाजवादउन्मुख अवधारणाअनुसार ऐन - कानुन बनाउन अघि सर्ला ?

विगतमा सरकारको नेतृत्व गर्ने दलका नेताहरूमा घमण्ड थियो । उनीहरूमा शक्तिको उन्माद थियो । उनीहरू अन्य दलका नेता, कार्यकर्ताहरूलाई गन्दैनथे; अपमान गर्थे; साना दलको कुरा सुन्दैनथे । आज उनीहरू नै साना दलमा झरे । गएको संसद्को निर्वाचनमा ८८ सीट जितेको नेका १८ सीटमा झर्‍यो; ७८ सीट जितेको एमाले ९ सीटमा झर्‍यो । अब बन्ने सरकार पनि शक्ति उन्मादमा लागे, दल ठुला हुनु नै सच्चाइ या सही दलको परिचय ठाने रास्वपा पनि नेका र एमालेको गति नहोला भन्न सकिँदैन । हाल निर्वाचित भएका अधिकांश सांसदहरूमा राजनीतिक पृष्ठभूमि थिएन; उनीहरू कसको कृपामा राजनीतिमा होमे ? उनीहरू के कस्ता आपराधिक क्रियाकलापमा संलग्न थिए भन्नेतर्फ मतदाताहरूले धनुष १ मा निर्वाचित सांसद यसको एक ध्यान नै दिन सकेनन् ।

भ्रष्टाचार र अनियमितता अन्त्य नगरी आर्थिक विकास हुने छैन । सरकार सञ्चालकहरू उत्तरदायी हुनुपर्छ । अबको हरेक योजना र काम पारदर्शी र परिणाममुखी हुनुपर्छ । स्थानीय उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउनुपर्छ । नेपालको आर्थिक विकासको मुख्य आधार मानिने कृषि, पर्यटन, जलस्रोत, सूचना प्रविधि तथा साना तथा मझौला उद्योगलाई उन्नत बनाउनुपर्छ या विकासको उचाइमा पुर्‍याउनुपर्छ । सरकारको नेतृत्व गर्ने दलका नेताहरू इमानदार, दूरदर्शी हुनुपर्छ । जनतामाझ व्यक्त प्रतिबद्धता या वाचा एक एक पाइला गरी लागू गर्नुपर्छ । देशलाई साँच्चै समृद्ध बनाउन, जनताका आधारभूत आवश्यकता पूरा गर्न उद्योग, कारखाना खोल्ने काममा सरकार जुट्नुपर्छ ।

निर्वाचनमा हार्नु भनेको कुनै दलको सिद्धान्त र विचार हार्नु होइन । यो अस्थायी हार हो । निर्वाचनमा हार्दैमा दलले देश र जनताको पक्षमा राजनीति गर्न छोड्दैन । निरङ्कुश पञ्चायती व्यवस्थासँग जुधेको दल पुँजीवादी दल र व्यवस्थासँग लड्न पछि पर्दैन । सच्चा कम्युनिस्टहरू त आमूल परिवर्तन नभएसम्म लड्ने छन् । निर्वाचन पनि आन्दोलनको एक भाग हो । आन्दोलन चालु रहन्छ, चालु रहनेछ ।

# के युद्ध अन्य माध्यमबाट राजनीतिको निरन्तरता हो ?

✍ अशरफ जैनबी

युद्ध कहिल्यै हतियारको बारेमा मात्र हुँदैन । हरेक युद्धभूमिको पछाडि एउटा विचार रहेको हुन्छ, शक्ति, मानव स्वभाव र महत्त्वाकाङ्क्षाको सीमासम्बन्धी एउटा दर्शन हुन्छ । सेनापतिहरूले फौजलाई त चलाउँछन् तर अक्सर पृष्ठभूमिमा रहेर युद्धको गहिरो परिकल्पनालाई आकार दिने काम दार्शनिकहरूले गरिरहेका हुन्छन् । उनीहरू कठिन प्रश्नहरू सोध्छन्: विजय के हो ? पराजय के हो ? अनि वास्तविकतामा शक्ति कुन हदसम्म जान सक्छ ? इतिहासभरि दर्शन र रणनीति दुवैमा एउटा दुविधा बारम्बार देखा पर्छ, यथार्थभन्दा ठुला युद्ध-लक्ष्यहरू पछ्याउनुको खतरा । यो अप्राप्य युद्ध-लक्ष्यहरूको एउटा शास्त्रीय समस्या हो ।

प्रसियाली रणनीतिकार कार्ल भोन क्लाउजविट्जले एकपटक लेखेका थिए—युद्ध अन्य माध्यमबाट राजनीतिको निरन्तरता हो । यो वाक्य प्रसिद्ध छ र अक्सर दोहोर्‍याइन्छ । तर यसको अर्थ देखिएभन्दा गहिरो छ । यदि युद्ध राजनीतिको अर्को रूप मात्र हो भने, युद्ध सधैँ राजनीतिक यथार्थसँग बाँधिएर रहनुपर्छ । युद्धका उद्देश्यहरू भूगोल, समाज र इतिहासले अनुमति दिएको परिधिभन्दा धेरै टाढा जानु हुँदैन । जब त्यसो हुन्छ, युद्धले बिस्तारै आफ्नो रणनीतिक अर्थ गुमाउँछ । सरल शब्दमा भन्नुपर्दा, तब युद्ध सम्भाव्यताभन्दा बढी कल्पनाद्वारा निर्देशित हुन थाल्छ ।

प्राचीन चिनियाँ विचारक सन जुले धेरै पहिले 'द आर्ट अफ वार' मा यसबारे चेतावनी दिएका थिए । उनले सङ्केत गरेका थिए कि सर्वश्रेष्ठ सेनापतिहरूले सीमालाई बुझ्दछन् । विजय सधैं सबैथोक विनाश गरेर प्राप्त हुँदैन; यो त राज्यलाई नथकाइकन वास्तविकतामा के प्राप्त गर्न सकिन्छ भन्ने ज्ञानबाट आउँछ । यहाँ शक्तिको एउटा पुरानो विरोधाभास छ: शक्तिले महत्त्वाकाङ्क्षा जन्माउँछ तर महत्त्वाकाङ्क्षाले सजिलै शक्तिलाई उछिन्न सक्छ । आधुनिक इतिहासले यस तनावका धेरै उदाहरणहरू दिन्छ ।

भियतनाम युद्धलाई नै हेरौँ । संयुक्त राज्य अमेरिकासँग विशाल सैन्यशक्ति थियो । यसको प्रविधि, हवाई शक्ति र स्रोतहरू विपक्षीको तुलनामा धेरै गुणा बढी थिए । धेरै युद्धभूमिमा अमेरिकाले रणनीतिक विजयहरू हासिल गर्‍यो । तैपनि, भियतनामको राजनीतिक भविष्यलाई आकार दिने बृहत्तर राजनीतिक उद्देश्य निकै कठिन साबित भयो । सैन्य श्रेष्ठताले सुरुमा कल्पना गरिएको राजनीतिक परिणाम दिलाउन सकेन । इरानको हकमा पनि यस्तै भइरहेको देखिन्छ ।

दशकौँपछि अफगानिस्तानको युद्धमा पनि यस्तै खालको तनाव देखियो । सन् २००१ सेप्टेम्बर ११ को आक्रमणपछिको सुरुवाती उद्देश्य सीमित थियो, तालिबान सरकारलाई हटाउने र आक्रमणका लागि जिम्मेवार लडाकू सञ्जाललाई ध्वस्त पार्ने । सुरुमा त्यो लक्ष्य धेरै हदसम्म प्राप्त भयो । तर, बिस्तारै अभियान विस्तार गरियो । यो एउटा शासन व्यवस्था हटाउने कामबाट अघि बढेर एक स्थिर लोकतान्त्रिक राज्य निर्माण गर्नेतर्फ मोडियो । बीस वर्षको युद्धपछि तालिबान फेरि सत्तामा फर्कियो । जुन आन्दोलनलाई हटाइएको थियो, अन्तत: त्यही पुन: स्थापित भयो ।


सन् २००३ को इराक युद्धले पनि यस्तै केही कुरा देखायो । सद्दाम हुसेनको सरकार सैन्य दबाबमा चाँडै ढल्यो । तर, त्यसपछिको स्थिर राजनीतिक व्यवस्था निर्माण गर्ने कार्य शासन सत्ता हटाउनुभन्दा धेरै जटिल साबित भयो । सरकारको पतनले स्वत: नयाँ राजनीतिक प्रणाली पैदा गर्दैन । लिबियामा, अन्तर्राष्ट्रिय हस्तक्षेपले मुअम्मर गद्दाफीको सरकार हटाउन मद्दत गर्‍यो । तर, उनको पतनपछि देश वर्षौंसम्म राजनीतिक खण्डीकरण र आन्तरिक सङ्घर्षमा फस्यो । नेतृत्व हटाउनु एउटा स्थिर राजनीतिक संरचना निर्माण गर्नुभन्दा सजिलो देखियो । सिरियामा, अमेरिकी सैन्य कारबाहीले हवाई आक्रमण र सीमित हस्तक्षेपमार्फत चरमपन्थी समूहहरूलाई कमजोर त बनायो, तर यी कार्यहरूले राज्यको गहिरो राजनीतिक संरचनालाई पुन: आकार दिन सकेनन् ।

भेनेजुयलामा संयुक्त राज्य अमेरिकाले फरक विधि अपनायो । प्रत्यक्ष सैन्य आक्रमणको सट्टा आर्थिक प्रतिबन्ध र विपक्षी शक्तिहरूलाई राजनीतिक समर्थन दिएर दबाब सिर्जना गरियो । यो रणनीतिको उद्देश्य युद्धमार्फत परिवर्तन थोपर्नु भन्दा पनि बिस्तारै राजनीतिक परिवर्तनलाई प्रभाव पार्नु थियो । यो सफल भयो या भएन भन्ने कुरा एकातिर छ तर यो युद्धभूमिमा हुने विजयभन्दा दबाबमा बढी निर्भर थियो ।

यी सबै घटनाहरूले एउटा महत्त्वपूर्ण यथार्थलाई उजागर गर्छन्: सैन्य शक्तिले चीजहरू चाँडै नष्ट गर्न त सक्छ तर यसले सजिलै नयाँ राजनीतिक व्यवस्था निर्माण गर्न सक्दैन ।

समाज मेसिन जस्ता होइन जहाँ एउटा पार्टपुर्जालाई सजिलै अर्कोले प्रतिस्थापन गर्न सकियोस् । राष्ट्रहरूको आफ्नै स्मृति, पहिचान, संस्थाहरू र ऐतिहासिक निरन्तरता हुन्छ । यी तत्त्वहरूले नै लचिलोपन र प्रतिरोध गर्ने क्षमता (Resilience) पैदा गर्छन् ।

यो विचार संयुक्त राज्य अमेरिका, इजरायल र इरानबिचको वर्तमान टकरावलाई विचार गर्दा विशेष महत्त्वपूर्ण हुन्छ । राजनीतिक भाषणबाजीमा कहिलेकाहीँ 'विनासर्त आत्मसमर्पण' को कुरा गरिन्छ । युद्धको भाषामा यो सबैभन्दा निरपेक्ष लक्ष्यहरूमध्ये एक हो । यसको अर्थ सेनालाई पराजित गर्नु मात्र नभई, सम्पूर्ण राजनीतिक प्रणालीलाई विघटन गर्नु, नेतृत्व प्रतिस्थापन गर्नु र देशको भविष्यको दिशालाई पुन: आकार दिनु हो । यस्ता उद्देश्यहरू रणनीतिका तुलनामा कल्पनामा बढी आधारित हुन्छन् ।




इरान एक आधुनिक राज्य मात्र होइन, बरु गहिरो ऐतिहासिक निरन्तरता बोकेको एउटा सभ्यता पनि हो । यसको राजनीतिक प्रणाली बहुआयामिक छ । धार्मिक प्राधिकार, निर्वाचित संस्थाहरू, सैन्य सङ्गठनहरू र प्रशासनिक संयन्त्रहरू–यी सबैले सङ्कटमा पनि टिकिरहन सक्ने गरी एउटा संरचना निर्माण गरेका छन् । यस्तो प्रणालीमा शक्ति कुनै एक व्यक्तिमा मात्र निहित हुँदैन ।

नेतृत्वलाई हटाउनाले संरचनालाई हल्लाउन त सक्छ तर यसले विरलै मात्र सम्पूर्ण जगलाई नष्ट गर्छ ।

युद्धका दार्शनिकहरूले अक्सर एउटा अर्को आयामबारे पनि चर्चा गरेका छन् । बाह्य दबाबको सामना गरिरहेका समाजहरू कहिलेकाहीँ आन्तरिक रूपमा बढी एकजुट हुन्छ । सामान्य समयमा हुने राजनीतिक मतभेदहरू तब अस्थायी रूपमा हराउन सक्छन्, जब मानिसहरूलाई आफ्नो राष्ट्र बाह्य खतरामा छ भन्ने विश्वास हुन्छ । इतिहासले यस्ता धेरै उदाहरणहरू सम्झाउँछ ।

भियतनाम युद्धको समयमा, चरम सैन्य दबाबका बाबजुद राष्ट्रवादले प्रतिरोधलाई टिकाइराख्न मद्दत गर्‍यो । इराक र अफगानिस्तानमा, बाह्य योजनाहरू भन्दा स्थानीय राजनीतिक यथार्थले दीर्घकालीन परिणामहरूलाई बढी शक्तिशाली रूपमा आकार दिए ।

वर्तमान द्वन्द्व पनि एउटा बृहत्तर विश्वव्यापी परिवेशभित्र अवस्थित छ । इरान पूर्ण रूपमा एक्लिएको छैन । रुस र चीनजस्ता प्रमुख शक्तिहरू बृहत्तर भू-राजनीतिक वातावरणको हिस्साका रूपमा रहेका छन् । उनीहरूको भूमिका प्रत्यक्ष सैन्य हस्तक्षेपमा नहुन सक्छ, तर आर्थिक सम्बन्ध, कूटनीतिक समर्थन र रणनीतिक साझेदारीले शक्ति सन्तुलनलाई प्रभावित पार्छ । युद्धहरू विरलै मात्र एक्लोपनमा हुन्छन्; ती त गठबन्धन र प्रतिद्वन्द्विताको एउटा ठुलो प्रणालीभित्र विकसित हुन्छन् ।

यो व्यापक सन्दर्भले 'विनासर्त आत्मसमर्पण' जस्ता निरपेक्ष लक्ष्यहरूलाई झन् जटिल बनाउँछ । जब अन्य शक्तिशाली पक्षहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नजिकै उभिन्छन्, तब निर्णायक विजयको मार्ग झन् अनिश्चित बन्छ । तर, रणनीतिभन्दा पर एउटा गहिरो दार्शनिक प्रश्न छ: युद्धमा होमिँदा नेताहरूले कस्तो परिकल्पना गर्नुपर्छ ? के उनीहरूले पूर्ण आधिपत्यको कल्पना गर्नुपर्छ वा सीमित र यथार्थपरक परिणामहरूको ? युद्धमा कल्पनाशीलता आवश्यक हुन्छ किनभने नेताहरूले यस्तो भविष्यको चित्र कोर्नुपर्छ जुन अझै अस्तित्वमा छैन । तर कल्पनाले खतरा पनि बोकेको हुन्छ । यदि नेताहरूले इतिहास, सामाजिक पहिचान र भू-राजनीतिक अवरोधहरूलाई बेवास्ता गर्ने परिणामहरूको कल्पना गर्छन् भने, उनीहरूले प्राप्त गर्न नसकिने लक्ष्यहरू पछ्याउने जोखिम उठाउँछन् ।

त्यसैले दार्शनिकले एउटा अन्तिम प्रश्न सोध्छन्: के कुराको कल्पना गरिनुपर्छ र के कुरा कल्पनाबाहिर रहनुपर्छ ? युद्धमा विजयको कल्पना गर्नु स्वाभाविक हो । तर, अर्को समाजको पूर्ण पुनर्संरचनाको कल्पना गर्नुले रणनीति र भ्रमबिचको रेखा नाघ्न सक्छ ।

इतिहासले यो ढाँचा धेरै पटक देखेको छ । शक्तिशाली राज्यहरू कहिलेकाहीँ आफ्नो शक्तिले सम्पूर्ण राष्ट्रहरूलाई आफ्नो इच्छाअनुसार झुकाउनेछ भन्ने विश्वासका साथ युद्धमा प्रवेश गर्छन् । तर समाजले अक्सर यस्तो तरिकाले प्रतिरोध गर्छन् जुन सेनाले सजिलै अनुमान गर्न सक्दैन । त्यसैले त युद्धको दर्शन पटक-पटक एउटै पाठमा फर्किन्छ ।

सबैभन्दा खतरनाक युद्धहरू सधैँ ती हुँदैनन् जुन शक्तिशाली हतियारले लडिन्छन् । सबैभन्दा खतरनाक युद्धहरू ती हुन् जुन अवास्तविक लक्ष्यहरूद्वारा निर्देशित हुन्छन् । सैन्य शक्तिले सहरहरू ध्वस्त पार्न सक्छ, सेनालाई कमजोर बनाउन सक्छ र क्षेत्रीय सञ्चालनलाई बदल्न सक्छ । तर, कुनै राष्ट्रको आन्तरिक राजनीतिक आत्मालाई पुन: आकार दिनु धेरै जटिल काङ्कार्य हो । जब महत्त्वाकाङ्क्षाले यथार्थलाई उछिन्न थाल्छ, विजय र भ्रमबिचको दूरी झन् फराकिलो हुँदै जान्छ । त्यही बढ्दो दूरीमा युद्धको पुरानो दुविधा पुन: प्रकट हुन्छ–यो शाश्वत प्रश्न कि केही युद्धहरूले के हासिल गर्न सक्छन् र अन्य युद्धहरूले के कुरा कदापि हासिल गर्न सक्दैनन् ।


***स्रोत : काउन्टरकरेन्ट डटओआरजी***

# तिब्बतको शान्तिपूर्ण मुक्तिका उपायहरूको निम्ति केन्द्रीय जनसरकार र तिब्बतको स्थानीय सरकारबिच भएको सम्झौता

✍ अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

तिब्बती राष्ट्रियता लामो इतिहास बोकेको चीनसित गाँसिएको राष्ट्रियता हो । अरु धेरै राष्ट्रियताहरूजस्तै यसले पनि हाम्रो महान् मातृभूमिको निर्माण र विकासमा ठुलो कर्तव्य निभाएको छ । तर, बितेका सय वर्ष र त्योभन्दा पनि बढी वर्षदेखि साम्राज्यवादी शक्तिहरू चीनभित्र घुसे । त्यही सिलसिलामा तिब्बती प्रदेशमा पनि घुसे । सबै प्रकारका छलछाम र उत्तेजनाहरू फैलाए । पहिलेका प्रतिक्रियावादी सरकारहरूजस्तै कोमिनताङ प्रतिक्रियावादी सरकारले पनि राष्ट्रिय दमनको नीति लियो; राष्ट्रियताहरूबिचमा कलहको बीउ छर्यो; फलत: तिब्बती जनताबिच विभाजन र बेमेल हुन गयो । तिब्बतको स्थानीय सरकारले साम्राज्यवादी छलछाम र उत्तेजनाको विरोध गरेन




र हाम्रो महान् मातृभूमिप्रति एक देशद्रोही प्रवृत्ति देखायो । यस्तो अवस्थामा तिब्बती राष्ट्रियता र जनता दासताको खाडलमा भासिए र दु:ख पाए ।

सन् १९४९ मा चिनियाँ जनताको मुक्तिको लडाइँ (Chinese People's War of Liberation) ले देशभरि आधारभूत विजय हासिल गर्यो, सबै राष्ट्रहरूका साझा भित्री शत्रु कोमिनताङ प्रतिक्रियावादी सरकार फालियो । सबै राष्ट्रहरूका साझा बाह्य शत्रु आक्रामक साम्राज्यवादी शक्तिहरू धपाइए । यसैको आधारमा चिनियाँ जनगणतन्त्र स्थापना भयो र केन्द्रीय जनसरकार घोषणा भयो । चिनियाँ जनताको राजनैतिक परामर्श सम्मेलन (Chinese People's Political Consultative Conference) ले पारित साझा कार्यक्रमअनुसार (Common Programme) केन्द्रीय जनसरकार (Central People's Government) ले चीनको जनगणतन्त्र (Poeople's Republic of China) को सिमानाभित्र सबै राष्ट्रहरू समान छन् । तिनीहरूले एकता र आपसी सहयोग स्थापित गर्नेछन् र साम्राज्यवादको विरोध र तिनीहरूका आफ्ना जनताका शत्रुहरूको विरोध गर्नेछन् भन्ने घोषणा गर्यो । यसकारण, चिनियाँ जनगणतन्त्र सबै राष्ट्रहरूबाट बनेको ठुलो भाइचारा र सहकारी परिवार भएको छ । चिनियाँ जनगणतन्त्रका सबै राष्ट्रियताहरू भएको त्यस ठुलो परिवारमा अल्पसङ्ख्यक राष्ट्रियता स्वायत्त प्रदेशहरू रहनेछन् । सबै अल्पसङ्ख्यक राष्ट्रहरूले आ-आफ्नो बोल्ने र लेख्ने भाषाको विकास गर्ने स्वतन्त्रता पाउनेछन् र तिनीहरूको रीतिरिवाज, चालचलन र धार्मिक आस्थाको संरक्षण वा सुधार गर्न पाउनेछन् । केन्द्रीय जनसरकार सबै अल्पसङ्ख्यक राष्ट्रहरूलाई तिनीहरूको राजनैतिक, आर्थिक, सांस्कृतिक र शैक्षिक निर्माण कार्य गर्न सहयोग गर्नेछ । यसबाट तिब्बत र ताइवानबाहेकका देशभित्रका सबै राष्ट्रहरूले मुक्ति हासिल गरे । केन्द्रीय जनसरकारको एकीकृत नेतृत्वमा र जनसरकारका विभिन्न उच्च तहका जनसरकारहरूको प्रत्यक्ष नेतृत्वबाट सबै राष्ट्रिय अल्पसङ्ख्यकहरूले राष्ट्रिय समानताको पूर्ण रूपले अधिकार हासिल गरेका छन् र राष्ट्रिय प्रादेशिक स्वायत्तता स्थापना भएको छ वा हुन गइरहेको छ ।

तिब्बतमा आक्रमणकारी साम्राज्यवादी शक्तिहरूको प्रभावलाई सफलतापूर्वक निर्मूल पार्यो र राष्ट्रिय प्रतिरक्षा सुरक्षित गर्यो । तिब्बती राष्ट्रियता र जनतालाई स्वतन्त्र गर्न र देशका अरु राष्ट्रहरूजस्तै राष्ट्रिय समानताको अधिकार उपभोग गर्न चीनको जनगणतन्त्रको ठुलो परिवारमा फर्कन र तिनको राजनैतिक, आर्थिक, सांस्कृतिक र शैक्षिक कार्यको विकास गर्न केन्द्रीय जनसरकारले जनमुक्ति सेनालाई तिब्बतमा पठाउने आदेश दियो । तिब्बतको स्थानीय सरकारलाई तिब्बतको शान्तिपूर्ण मुक्तिका उपायहरूको लागि गरिने सम्झौतालाई निष्कर्षमा पुर्याउन वार्ताका लागि केन्द्रीय अधिकारीहरूकहाँ प्रतिनिधिहरू पठाउन सूचना गरेको थियो ।

सन् १९५१ अप्रिलको पछिल्तिर तिब्बतको स्थानीय सरकारबाट पूर्ण अधिकार प्राप्त प्रतिनिधिहरू पेचिङ पुगे । केन्द्रीय जनसरकारले तिब्बतको स्थानीय सरकारबाट पूरा अधिकार प्राप्त प्रतिनिधिहरूसँग मैत्रीपूर्ण वार्ता गर्न पूरा अधिकार प्राप्त प्रतिनिधिहरू नियुक्त गर्यो । ती वार्ताका परिणामस्वरूप दुवै पक्ष यस सम्झौतालाई निष्कर्षमा पुर्याउन तथा त्यसलाई कार्यान्वयनमा ल्याउने सुनिश्चितता प्रदान गर्न सहमत भए ।

१. तिब्बती जनता एकताबद्ध हुनेछन् र तिब्वतबाट आक्रमणकारी साम्राज्यवादी शक्तिहरूलाई धपाउनेछन् । तिब्बती जनता मातृभूमिको ठुलो परिवार जनगणतन्त्र चीनमा फर्कनेछन् ।

२. तिब्बतको स्थानीय सरकारले तिब्बतमा जनमुक्ति सेनालाई प्रवेश गर्न सक्रिय रूपले सहयोग गर्नेछ र राष्ट्रिय प्रतिरक्षालाई सुदृढ बनाउनेछ ।

३. चिनियाँ जनताको राजनैतिक परामर्श सम्मेलनको साझा कार्यक्रमले अवलम्बन गरेका राष्ट्रियताहरूको नीतिअनुसार तिब्बती जनतालाई केन्द्रीय जन-सरकारको एकीकृत नेतृत्वमा राष्ट्रिय प्रादेशिक स्वायत्तताको अधिकार हुनेछ ।

४. केन्द्रीय सरकारले तिब्बतको विद्यमान राजनैतिक प्रणालीमा हेरफेर गर्नेछैन । केन्द्रीय सरकारले दलाइ लामाको स्थापित स्तर, कार्यहरू र शक्तिहरूमा पनि हेरफेर गर्नेछैन । अन्य किसिमका अधिकारीहरूको पदहरूलाई पहिलेजस्तै राखिनेछ ।

५. पञ्चेन एर्डेनीको स्थापित स्तर, कार्य र शक्तिहरूलाई पनि कायम राख्नेछ ।

६. दलाइ लामा र पञ्चेन एर्डेनीका विद्यमान स्तर, कार्य र शक्तिहरू, तेन्हौँ दलाइ लामा र नवौँ पञ्चेन एर्डेनीको स्तर, कार्य र शक्तिहरू जत्तिकै हुनेछ । त्यसबेला तिनीहरूको एकापसमा मैत्रीपूर्ण र सौहार्द्र सम्बन्ध थियो ।

७. चिनियाँ जनताको राजनैतिक परामर्श सम्मेलनको साझा कार्यक्रममा अवलम्बन गरेको नीतिअनुसार नै धार्मिक आस्थाको स्वतन्त्रता प्रदान गरिनेछ । तिब्बती जनताको धार्मिक आस्था, रीतिरिवाज र चालचलनलाई सम्मान गरिनेछ र लामा प्रथाको रक्षा गरिनेछ । केन्द्रीय अधिकारीहरूबाट मठहरूको आयमा असर पर्ने कुनै पनि परिवर्तन गरिनेछैन ।

८. तिब्बती लडाकुहरूलाई चरणबद्ध ढङ्गले पुन: सङ्गठनद्वारा जनमुक्ति सेनामा परिणत गरिनेछ र जनगणतन्त्र चीनको राष्ट्रिय सुरक्षा शक्तिको एउटा अङ्ग बनाइनेछ ।

९. तिब्बती राष्ट्रियताको बोल्ने र लेख्य भाषाहरू र विद्यालयको शिक्षालाई तिब्बतको वास्तविक स्थितिअनुसार चरणबद्ध गरी विकास गरिनेछ ।

१०. तिब्बतको कृषि, पशुपालन, उद्योग र व्यापारलाई तह-तह गर्दै विकास गरिनेछ र तिब्बतको वास्तविक स्थितिअनुसार तह-तह गर्दै तिब्बती जनताको जीवनस्तरमा सुधार ल्याइनेछ ।

११. तिब्बतमा गरिने विभिन्न सुधारहरूका सम्बन्धमा केन्द्रीय अधिकारीहरूको तर्फबाट कुनै किसिमको अनिवार्यता गरिनेछैन । तिब्बतको स्थानीय सरकार स्वयंको प्रयासमा सुधारहरू लागू गर्नुपर्नेछ । जनताले सुधारको माग गरेपछि तिनीहरूले तिब्बती अगुवाहरूसँग सर-सल्लाहको माध्यमबाट समाधान गर्नेछन् ।

१२. जहाँसम्म पूर्वसाम्राज्यवादी समर्थक र कोमिनताङ समर्थक अधिकारीहरूको साम्राज्यवाद र कोमिनताङसँग धेरै सम्बन्ध रहेको प्रश्न छ, विध्वंस र प्रतिरोधमा संलग्न नभएकाहरूलाई तिनीहरूका बितेका कुराहरूको आधारलाई नहेरी आ-आफ्ना पदहरूमा बहाल गरिनेछन् ।

१३. तिब्बत प्रवेश गरेका जनमुक्ति सेनाले माथि उल्लेखित सबै नीतिहरू पालना गर्नेछ र सबै किनबेचमा पनि स्वच्छ हुनेछ । जनताबाट एउटा सियो र धागोसम्म पनि लिनमा स्वेच्छाचारी हुनेछैन ।

१४. केन्द्रीय जनसरकारले तिब्बतको क्षेत्रका सबै बाह्य मामलाहरू केन्द्रीय ढङ्गले नै सञ्चालन गर्नेछ, छिमेकी देशहरूसँग शान्तिपूर्ण सह-अस्तित्व रहनेछ र समानता, आपसी हित र आपसी क्षेत्रीय सार्वभौमिकताको सम्मानका आधारमा शुद्ध व्यापार र वाणिज्यको सम्बन्ध विकास गरिनेछ ।

१५. यस सम्झौताको कार्यान्वयनको सुनिश्चितताका लागि केन्द्रीय जनसरकारले तिब्बतमा सैन्य र प्रशासनिक समिति र सैन्य क्षेत्रीय मुख्यालय ( Military area command) स्थापना गर्नेछ र केन्द्रीय जन-सरकारले त्यहाँ पठाएकाहरू बाहेक त्यस कार्यमा संलग्न हुन सम्भव भएसम्म तिब्बतका स्थानीय व्यक्तिहरू लिनेछ ।

सैन्य र प्रशासनिक समितिमा संलग्न हुने स्थानीय तिब्वती व्यक्तित्वहरू तिब्वतको स्थानीय सरकारबाट विभिन्न जिल्ला र प्रमुख मठहरूबाट पठाएका देशभक्तहरूको नामको सूची केन्द्रीय जनसरकार र सम्बन्धित विभिन्न क्षेत्रहरूले तोकेका प्रतिनिधिहरूबिचको सर-सल्लाहपछि निर्णय गरिनेछ र नियुक्तिको निम्ति केन्द्रीय जन-सरकारलाई प्रस्तुत गरिनेछ ।

१६. तिब्वतमा प्रवेश गरेको सैन्य र प्रशासनिक समिति, सैन्य नियन्त्रण क्षेत्र र जनमुक्ति सेनाका लागि आवश्यक कोषको व्यवस्था केन्द्रीय जनसरकारले गर्नेछ । तिब्बतको स्थानीय सरकारले जनमुक्ति सेनालाई खाद्यान्न, लत्ताकपडा र अन्य दैनिक आवश्यकताहरू खरिद गर्न र ढुवानी गर्न मद्दत गर्नुपर्नेछ ।

१७. हस्ताक्षर भएको र छाप लगाएको लगत्तै यो सम्झौता लागू हुनेछ ।

**केन्द्रीय जनसरकारबाट पूर्ण अधिकार प्राप्त प्रतिनिधिहरू**

**प्रमुख प्रतिनिधि**

लि वेई-हान (Li Wei–Han)

**प्रतिनिधिहरू**

चाङ चिङ ऊ (Chang ching Wu)
चाङ कुओ-हवा (Chang Kuo–Huo)
सुन चिह-युआन (Sun Chih Yuan)

**तिब्बतको स्थानीय सरकारको तर्फबाट पूर्ण अधिकार प्राप्त प्रतिनिधिहरू**

**प्रमुख प्रतिनिधि**

कालुन ङापो ङावाङ-जिग्मे (Kaloon Ngapo Ngawang–Jigme)

**प्रतिनिधिहरू**

जासाका खेमेई सोनाम वाङडी (Dzasak Khemey Sonam Wangdi)
खेन्त्रुङ थुप्टेन टेनथार (Khentrung Thupten Tenthar)
खेन्चुङ थुप्टेन लेक्मन (Khenchung Thupten Lekmuun)
रिम्सि साम्पोसी टेन्जिन थुन्डूप (Rimshi Samposey Tenzin Thundup)

***पेचिङ, मई २३, १९५१***

## सन् १९५९ जुलाई १७ मा तिब्बत स्वायत्त प्रदेश तयारी समितिको दोस्रो पूर्ण बैठकबाट पारित भएको तिब्बतमा प्रजातान्त्रिक सुधारको बाटो

तिब्बत स्वायत्त प्रदेशको तयारी समितिको दोस्रो पूर्ण बैठकले तयारी समितिका कार्यकारी अध्यक्ष पञ्चेन एर्डेनी (Panchen Erdeni), चाङ कुओ-हुआ (Chang Kuo–Hua) र तयारी समितिका उपाध्यक्ष ङापो ङावाङ जिग्मे (Ngapo Ngawang Jigme) ले प्रस्तुत गरेको प्रतिवेदनलाई पूर्ण रूपले अनुमोदन गर्यो । त्यस बैठकमा एकमतले तिब्बतको विद्यमान सामाजिक प्रणाली प्रतिक्रियावादी, अँध्यारो, क्रूर र बर्बर सामन्ती भूदास प्रणाली हो र प्रजातान्त्रिक सुधारको उपायबाट मात्र जनताको मुक्ति गर्न सकिने र तिब्बतको आर्थिक र सांस्कृतिक विकास गर्न सकिने र यसैबाट समृद्ध र सुखी समाजवादी तिब्बतको निर्माण हुन्छ भनी स्वीकार गर्यो । तिब्बतमा प्रजातान्त्रिक सुधार अघि बढाउने कुरा केन्द्रीय जनसरकार र सन् १९५१ को तत्कालीन तिब्बतको स्थानीय सरकारबाट हस्ताक्षर गरेको तिब्बतको शान्तिपूर्ण मुक्ति सम्झौताका उपायहरूमा उल्लेख छ । बितेका आठ वर्षमा पहिलेको स्थानीय सरकारका अनेकौँ बाधा अड्चन र विध्वंसका कारण यो कार्य कार्यान्वयन हुनसकेन र तिब्बतका माथिल्ला दर्जाका प्रतिक्रियावादी गुटले आफ्ना सामन्ती शासन कायमै राख्न प्रयास गरेको थियो ।

बितेका आठ वर्षसम्म केन्द्रीय अधिकारीहरूले तिब्बतका माथिल्ला दर्जाका प्रतिक्रियावादी गुटहरूप्रति संयमको शिक्षाको व्यवहार अपनाए तथा धैर्यपूर्वक तिनीहरूका उद्देश्यहरूलाई पर्खे । प्रतिक्रियावादी गुटले पश्चातापको कुनै सङ्केतसम्म नदेखाई सन् १९५९ मार्च १० को दिन सशस्त्र विद्रोहको उग्र गतिविधिमार्फत जनता र मातृभूमिप्रति विश्वासघात गर्यो तथा राष्ट्रिय एकतालाई अन्तर्घात गर्यो । छिट्टै नै सैनिक विद्रोहलाई दबाएपछि तिनीहरूको लाजमर्दो पराजय भयो र तिब्बत प्रजातान्त्रिक सुधारको नयाँ चरणमा प्रवेश गर्यो । एकातिर सशस्त्र विद्रोहका गुप्त अड्डाहरू भत्काइए, जनताको बिचमा उच्चवर्गका प्रतिक्रियावादी गुट पूर्णरूपले एक्लियो र आपराधिक कार्यहरू, जनतालाई आपत-विपत ल्याउने तिनीहरूका विश्वासघाती कार्यहरूलाई जनताले चर्को निन्दा गरे तथा पहिलेको प्रतिक्रियावादी तिब्बती स्थानीय सरकार भङ्ग गरियो । अर्कातिर कामदारहरूको व्यापक जनसमुदायले प्रजातान्त्रिक सुधार कार्यान्वयन गर्न दृढतापूर्वक माग गरे, उच्च वर्गको देशभक्त र प्रगतिशील पक्षले प्रजातान्त्रिक सुधारलाई सक्रिय रूपले समर्थन गरे तथा स्थानीय तिब्बती कार्यकर्ताहरू ठुलो सङ्ख्यामा वृद्धि भयो । यसले तिब्बतमा प्रजातान्त्रिक सुधारको कार्यान्वयनको माग परिपक्व भएको स्थिति देखाउँछ ।

तिब्बतमा हाल गर्नुपर्ने मुख्य कामहरू हुन् - बाँकी रहेका विद्रोही तत्त्वहरू बधार्नु, जनसमुदायलाई पूर्ण रूपले परिचालन गर्नु र तिब्बतभरि प्रजातान्त्रिक सुधार लागू गर्नु । यस बैठकले तिब्बतमा प्रजातान्त्रिक सुधार गर्न केन्द्रीय अधिकारीहरूले अवलम्बन गरेको शान्तिको नीति पूर्ण रूपले सही भएको ठहर गर्यो अर्थात् विद्रोहमा भाग नलिएका बिर्तावालहरूको जग्गा जमिन र उत्पादनका अन्य साधनहरू 'खरिद गर्ने' नीति र उच्च तहका मानिसहरूसित सल्लाह-सुझाव लिने विधि र तल्लो तहमा जनसमुदायलाई परिचालन गर्ने नीति सबै सही भएको ठहर गर्छ ।

तिब्बतको वास्तविक स्थितिअनुसार प्रजातान्त्रिक सुधार दुई चरणमा लागू गर्नुपर्छ । पहिलो चरणमा जनसमुदायलाई परिचालन गर्नु हो र विद्रोहीहरूविरुद्धमा अभियान चलाउनु, झारा प्रथा र दासप्रथाविरुद्ध अभियान चलाउनु र कुत दर र ब्याजदर घटाउने अभियान चलाउनुपर्दछ । त्यस अभियानले जग्गाको पुन: वितरण गर्ने अर्को चरणको जग हाल्छ ।

दोस्रो पूर्ण बैठकले एकमतले माथि उल्लेखित सबै कार्यहरू स्वीकार गर्यो र तल उल्लेखित नीतिहरू हाललाई पूर्ण रूपले कार्यान्वयन गर्नुपर्ने निधो गर्यो ।

१. कृषि क्षेत्रमा विद्रोहमा भाग लिएका दलालहरूसँगको तीन किसिमका जमिनदारी-कासाग, मठहरू र खान्दानी जमिनदारीमा 'बाली जोत्नेलाई' (The crop to the tillers) को नीति लागू गरिनुपर्छ । विद्रोहमा भाग नलिएका खान्दानीहरू र तिनका दलालहरूको हकमा कुत दर घटाएर कृषि उत्पादनको २० प्रतिशत जग्गा धनीलाई कायम गरिनुपर्छ र बाँकी ८० प्रतिशत मोहीलाई कायम गरिनेछ । नानजाम (Nantsam) लाई मुक्त गरिनुपर्छ । *(नानजाम : तिब्बती सामन्ती खान्दानी जमिनदारी प्रथाको घरेलु दास हो । ऊ मालिकका घरमा बिनाज्याला श्रम गर्छ र व्यक्तिगत स्वतन्त्रताबिना नै वर्षभरि मालिककहाँ काम गर्छ - सं.)* । मानिसलाई पशुसरह गरिने व्यवहार उन्मूलन गरिनुपर्छ । त्यसलाई कामदार र काम दिनेबिचको सम्बन्धमा परिवर्तन गरिनुपर्छ । सन् १९५८ को अन्तसम्मका ती तीन किसिमका जमिनदारी (कासाग, मठहरू र खान्दानी जमिनदार) सँग कामदार जनताले लिएका ऋणहरू उन्मूलन गरिनेछ, विद्रोहमा भाग नलिएका खान्दानी जमिनदारसँग कामदारहरूले सन् १९५९ मा लिएको ऋणको ब्याज घटाउनुपर्नेछ ।

२. पशुपालनको क्षेत्रमा गोठाला र पशु धनीबिच विश्वास हुनुपर्छ, पशुहरूको सुरक्षा र उत्पादनका लागि एकता गर्न सकिने सबैलाई एकगठ गरी विद्रोहीहरूलाई बढार्नुपर्छ र सामाजिक व्यवस्था छिट्टै स्थापना गर्नुपर्छ । विद्रोहमा भाग नलिएका पशुधनीहरूले तिनका पशुहरू राख्न पाउनेछन् । विद्रोहमा भाग लिएका पशु धनीहरूका पशुहरू अबदेखि तिनका गोठालाहरूको हुनेछ र त्यसबाट प्राप्त हुने आम्दानी पनि गोठालाहरूले पाउनेछन् । सँगसँगै पशु मालिकहरू र गोठालाहरू दुवैलाई हित हुने नीतिलाई उत्साहित गरिनेछ । गोठालाहरूको आम्दानी बढाउन पशुधनीहरूको शोषणमा कमी ल्याइनेछ । कृषि क्षेत्रमा जस्तै पशुपालनको क्षेत्रमा पनि ऋणको प्रश्नलाई बन्दोबस्त गरिनेछ ।

३. धार्मिक विश्वासको स्वतन्त्रताको रक्षाको नीतिमा, देशभक्त र कानुन मान्ने मन्दिरहरू र मठहरूको रक्षा गर्ने र विगतमा जस्तै प्रजातान्त्रिक सुधारमा ऐतिहासिक सांस्कृतिक धरोहरहरूलाई कडाइका साथ रक्षा गर्नैपर्छ । मन्दिर र मठहरूमा विद्रोही, सामन्ती व्यवस्था र शोषणको विरुद्ध अभियान चलाइनुपर्छ । देशभक्त र कानुनपालक मन्दिरहरू र मठहरूका जग्गा-जमिनको व्यवहार गर्दा 'खरिद गर्ने' नीति लागू गरिनेछ । लामाहरूको जीविकोपार्जनको व्यवस्था सरकारले गर्नेछ । मन्दिर र मठहरूको आम्दानीले दैनिक खर्च व्यहोर्न अपर्याप्त भएमा सरकारले अनुदान दिनेछ ।

व्यापक जनसमुदायलाई पूर्ण परिचालन नै सान फान (San fan) र शुआङ चियान (Shuang Jian) बैठकको सफलताको कडी हो र प्रजातान्त्रिक सुधारको साँचो हो । *(तीन विरोध (San fan) को अर्थ हो- विद्रोहको विरोध, भू-दास प्रथाको विरोध र दासप्रथाको विरोध । दुईवटा घटाउने (Shuang Jian) को अर्थ हो - कुत घटाउने र ब्याज घटाउने - सं.)* । कामको प्रक्रियामा गरिब किसान र कृषि श्रमिकहरूमाथि विश्वास गर्नुपर्छ, मध्यम वर्गीय किसानहरूलाई एकीकृत गर्नुपर्छ र एक हुनसक्ने सबैलाई एकताबद्ध बनाउनुपर्छ, सुधारका विरुद्धमा उभिएका विद्रोहीहरू र प्रतिक्रियावादी तत्त्वहरूलाई दृढतापूर्वक प्रहार गर्नुपर्छ र सामन्ती भूदास प्रथाको उन्मूलन पूर्ण रूपले गरिनुपर्छ । जनसमुदाय जागेपछि किसानहरूको (गोठालाहरूको) संस्थाहरू गठन गर्नुपर्छ । प्रजातान्त्रिक सुधारको अवधिभरि किसानहरूको संस्थाहरू (गोठालाहरूको संस्था) ले जिल्ला तहको मातहतमा रहेर गाउँहरूमा सरकारका कामहरू र अधिकारहरूको प्रयोग गर्नेछ ।

किसानहरूको संस्थाहरूको सङ्गठनलाई चलाउने नियमहरू, कुतदर र ब्याजदर घटाउने सामान्य नियमहरू, प्रशासनिक शाखाहरूको बन्दोबस्तका योजना र माथिका नीतिहरूमा उल्लेखित अन्य कागजातहरू तयार पारिनेछ र तयारी समितिले छुट्टाछुट्टै प्रकाशन गर्नेछ ।

यो बैठक तिब्बतको लागि एउटा ऐतिहासिक महत्त्वको छ । हाम्रोसामु महान् र धेरै परिश्रम गर्नुपर्ने कार्यहरू बाँकी छन् । कम्युनिस्ट पार्टीको नेतृत्वमा तिब्बती जनता, लामा र साधारण दुवैसँगै एकता गर्नुपर्छ र प्रजातान्त्रिक, समाजवादी नयाँ तिब्बतको निर्माणका लागि कडा परिश्रम गर्नुपर्छ ।

## तिब्बत स्वायत्त प्रदेशको स्थापनामा राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिको निर्णय

**२५ अगस्त १९६५**

तेस्रो राष्ट्रिय जनकङ्ग्रेसको स्थायी समितिको १५ औँ बैठकले तिब्बतको स्वायत्त प्रदेशको स्थापनाबारे राज्यपरिषद्को प्रस्तावलाई स्वीकृति प्रदान गर्यो ।

***-समाप्त***




जापानको फुकुशिमा आणविक प्रकोपको १५ औँ वार्षिकी पारेर क्षतिपूर्तिको माग गर्दै विरोध प्रदर्शन गरिरहेका दक्षिण कोरियाली जनता मार्च ११, २०२६ का दिन । १५ वर्षअगाडि मार्च ११, २०११ मा महाभूकम्प र सुनामीपछि फुकुशिमा आणविक केन्द्रको भयानक दुर्घटनाको असरले कोरियाली र जापानी जनता पीडित भएका थिए । *तस्बिर : एपी/ली जिनमान*

# पाकिस्तानमा इन्धनको अभाव, मूल्य बढ्ने डर कायम

शेखुपुरा, ११ मार्च (एएफपी)। पाकिस्तानमा इन्धन अभावको चिन्ता बढ्दै गएको छ। देशभर इन्धन ढुवानी गर्ने ट्याङ्कर चालकहरूले डिपोमा इन्धन उपलब्ध नभएकाले ट्याङ्करहरू लामो समयसम्म रोकिएको बताएका छन्। तर, सरकारले भने इन्धनको मूल्य फेरि तत्काल बढ्ने सम्भावनालाई कम आँक्दै स्थिति नियन्त्रणमा रहेको जनाएको छ।

मध्यपूर्व क्षेत्रमा बढेको युद्ध र तनावका कारण तेल तथा ग्यास आपूर्तिमा अवरोध सिर्जना भएको छ। यसले विश्व बजारमा तेलको मूल्य बढाउन थालेको छ भने विभिन्न देशहरू ऊर्जा आपूर्ति सुनिश्चित गर्न सङ्घर्षरत देखिएका छन्। यही असर पाकिस्तानमा पनि देखिन थालेको छ।

पञ्जाब प्रान्तको राजधानी लाहोर नजिकका इन्धन डिपोहरूमा दर्जनौँ ट्याङ्करहरू सडक किनारमा पार्क गरिएका देखिएका छन्। ती ट्याङ्करहरू देशका विभिन्न भागमा पेट्रोल र डिजेल पुर्‍याउने काम गर्छन्। तर, डिपोहरूमा पर्याप्त इन्धन नहुँदा चालकहरू लामो समयसम्म त्यहीँ रोकिन बाध्य भएका छन्।

एक ट्याङ्कर चालक अब्दुल शकूरले पछिल्ला चार दिनदेखि डिपोमा पेट्रोल उपलब्ध नभएको बताउनुभयो। उहाँका अनुसार डिपो खाली रहेको कारण ट्याङ्करहरू इन्धन लिन नसकी थन्किएका छन्। उहाँले इरानतर्फको सीमा बन्द भएको जानकारी पाएको पनि बताउनुभयो, जसका कारण आपूर्तिमा थप समस्या आएको हुनसक्ने अनुमान गरिएको छ।

पाकिस्तानले आफ्नो अधिकांश तेल र ग्यास खाडी क्षेत्रका देशहरूबाट आयात गर्ने गर्छ। मध्यपूर्वमा बढेको सङ्कटका कारण इन्धन बोकेका जहाजहरूको सुरक्षा सुनिश्चित गर्न यस साता नौसैनिक सुरक्षासहित समुद्री मार्गबाट ढुवानी गरिएको बताइएको छ।

गत साता पाकिस्तान सरकारले पेट्रोलियम पदार्थको मूल्य करिब बीस प्रतिशतले बढाएको थियो। मूल्यवृद्धिपछि देशभरका पेट्रोल पम्पहरूमा लामो लाइन लागेको थियो भने धेरै स्थानमा मानिसहरूले एकैपटक ठुलो मात्रामा इन्धन किन्ने प्रयास गरेका थिए।

पेट्रोलियममन्त्री अली परवेज मलिकले मङ्गलबार प्रसारित एक अन्तर्वार्तामा तत्काल इन्धनको मूल्यमा ठुलो परिवर्तन नहुने बताउनुभयो। उहाँले सरकारले आपूर्ति व्यवस्थापन गर्न आवश्यक कदम चालिरहेको पनि बताउनुभयो।

यसैबिच प्रधानमन्त्री शहबाज शरीफले इन्धन बचत गर्न विभिन्न मितव्ययी उपायहरू घोषणा गर्नुभएको छ। सरकारी कर्मचारीको कार्यसप्ताह चार दिनमा सीमित गर्ने, केही समयका लागि विद्यालय बन्द गर्ने जस्ता निर्णयहरू लागू गरिएको छ, जसबाट इन्धन खपत कम गर्ने लक्ष्य राखिएको छ।

तर, ट्याङ्कर चालकका सहायक मझर महमूदले डिपोमा अझै इन्धन उपलब्ध नभएको बताउनुभयो। उहाँका अनुसार चालकहरू बुधबार पनि डिपो पुगेका थिए, तर कर्मचारीहरूले इन्धन नआएको जानकारी दिनुभएको छ।

उहाँहरूलाई इन्धन आउन अझै पाँचदेखि छ दिन लाग्न सक्ने भनिएको छ। महमूदका अनुसार देशको अवस्था राम्रो देखिएको छैन र पेट्रोल अभावकै कारण धेरै ट्याङ्करहरू सडक किनारमै पार्क गरिएका छन्।

विश्लेषकहरूका अनुसार मध्यपूर्वको युद्ध लामो समयसम्म चालु रहेमा पाकिस्तानलगायत ऊर्जा आयातमा निर्भर देशहरूमा इन्धन आपूर्ति र मूल्यमा थप दबाब पर्न सक्ने सम्भावना रहेको छ।

# घाइतेको हल्लाबिच खामेनी सुरक्षित रहेको दाबी

तेहरान, ११ मार्च (एएफपी)। इरानका नयाँ सर्वोच्च नेता मोजताबा खामेनी युद्धका क्रममा घाइते भएको समाचार फैलिरहेका बेला उहाँ सुरक्षित र स्वस्थ रहेको दाबी इरानी राष्ट्रपतिको छोराले गर्नुभएको छ। इजरायल र संयुक्त राज्य अमेरिकासँगको जारी युद्धको पृष्ठभूमिमा यस्तो दाबी सार्वजनिक गरिएको हो।

इरानी राष्ट्रपतिको छोरा तथा सरकारी सल्लाहकार युसेफ पेजेस्कियानले बुधबार आफ्नो टेलिग्राम च्यानलमार्फत मोज्तबा खामेनीको अवस्थाबारे टिप्पणी गर्दै उहाँ घाइते भएको खबर आफूले पनि सुनेको तर त्यसको पुष्टि नभएको बताउनुभएको छ। उहाँका अनुसार आफूले सम्पर्कमा रहेका केही व्यक्तिसँग सोधपुछ गर्दा उनीहरूले खामेनी सुरक्षित र स्वस्थ रहेको जानकारी दिएका छन्।

“मैले मोज्तबा खामेनी घाइते भएको खबर सुनेको थिएँ। मैले सम्पर्क भएका केही साथीहरूलाई सोधेको छु। उनीहरूले भगवानको कृपाले उहाँ सुरक्षित र स्वस्थ हुनुहुन्छ भन्ने बताएका छन्,” पेजेस्कियानले सामाजिक सञ्जालमार्फत लेख्नुभएको छ।

यसअघि सरकारी टेलिभिजनले खामेनीलाई ‘रमजान युद्धका घाइते पूर्व सैनिक’ भनेर उल्लेख गरेको थियो। तर, उहाँ कहिले र कसरी घाइते हुनुभएको हो भन्नेबारे भने कुनै स्पष्ट विवरण दिइएको थिएन।

मोजताबा खामेनी इस्लामिक गणतन्त्रका लामो समयसम्म सर्वोच्च नेता रहेका आयतुल्ला अली खामेनीका छोरा र उत्तराधिकारी हुनुहुन्छ। आयतुल्ला अली खामेनीको फेब्रुअरी २८ मा इरानमाथि गरिएको अमेरिका-इजरायल संयुक्त आक्रमणमा मृत्यु भएपछि मोज्तबालाई नयाँ सर्वोच्च नेताका रूपमा अघि सारिएको हो। उक्त घटनापछि नै मध्यपूर्व क्षेत्रमा व्यापक युद्ध सुरु भएको थियो।

छपन्न वर्षीय मोज्तबा खामेनी सामान्यत: सार्वजनिक जीवनमा कम देखिने व्यक्तित्वका रूपमा चिनिनुहुन्छ। उहाँ सार्वजनिक कार्यक्रममा विरलै देखिनुहुन्छ र प्राय: आधिकारिक कार्यक्रममा बोल्न पनि कमै देखिएको बताइन्छ।

आइतबार सर्वोच्च नेता घोषणा गरिएपछि पनि उहाँले टेलिभिजनमार्फत राष्ट्रलाई औपचारिक सम्बोधन गर्नुभएको छ।

# इरानको नयाँ आक्रमण, तेल बजारमा तनाव

तेहरान, ११ मार्च (एएफपी)। मध्यपूर्वमा जारी युद्धका बिच इरानले बुधबार इजरायल र खाडी क्षेत्रका लक्ष्यहरूतर्फ नयाँ आक्रमण सुरु गरेको छ। साउदी अरबको तेल क्षेत्रसमेत लक्षित भएको बताइँदै गर्दा विश्व ऊर्जा बजारमा उत्पन्न अस्थिरता नियन्त्रण गर्न ठुलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावसम्बन्धी खबरहरूले बजारलाई केही हदसम्म शान्त बनाउने प्रयास भइरहेको छ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि सुरु भएको युद्ध अहिले क्षेत्रभर फैलिएको छ। यसको प्रभाव ऊर्जा बजारदेखि दैनिक जनजीवनसम्म पुगेको छ। कतिपय स्थानमा इन्धनको राशनिङ सुरु भएको छ भने विद्यालयहरू समेत बन्द भएका छन्।

युद्धको आर्थिक असर, विशेषगरी ऊर्जा आपूर्तिको अवस्थाबारे छलफल गर्न जी-७ देशका नेताहरू बुधबार भिडियो सम्मेलनमार्फत बैठक बस्ने तयारीमा छन्। यसैबिच अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले इतिहासकै ठुलो परिमाणमा तेल भण्डार सार्वजनिक गर्ने प्रस्तावबारे निर्णय गर्ने सम्भावना रहेको वाल स्ट्रिट जर्नलले जनाएको छ।

संयुक्त राज्य अमेरिकाले मङ्गलबार होर्मुज जलडमरूमध्यमा बारुदी सुरुङ बिछ्याउन सक्ने क्षमता राख्ने इरानका जहाजमाथि प्रहार गरेको जनाएको छ। अमेरिकी सेनाले सार्वजनिक गरेको भिडियोमा इरानी डुङ्गाहरू ध्वस्त पारिएको देखिएको बताइएको छ। अमेरिकाका अनुसार विश्वको झण्डै पाँचौं भाग तेल ओसारपसार हुने यस जलमार्ग नजिकै १६ वटा माइन बिछ्याउने जहाज नष्ट गरिएको दाबी छ।

अमेरिकी निर्वाचन नजिकिँदै गर्दा बढ्दो तेल मूल्यले ट्रम्पमाथि राजनीतिक दबाब पनि बढाइरहेको छ। मङ्गलबार कच्चा तेलको मूल्य करिब पाँच प्रतिशत बढे पनि भण्डार सार्वजनिक गर्ने सम्भावनाको खबरपछि बुधबार केही घटेको छ।

ट्रम्पले अमेरिकी सेनाले जलडमरूमध्य हुँदै जाने तेल ट्याङ्करलाई सुरक्षा दिन सक्ने बताएका थिए। तर, अमेरिकी प्रशासनले ऊर्जा मन्त्रीले यस्तो सुरक्षा व्यवस्था घोषणा गरेको भनी सामाजिक सञ्जालमा फैलिएको पोस्ट असत्य भएको स्वीकार गरेको छ।

युद्धको जोखिम समुद्री यातायातमा पनि देखिएको छ। बेलायतको समुद्री सुरक्षा एजेन्सीका अनुसार बुधबार बिहान संयुक्त अरब इमिरेट्सको तट नजिक एउटा कन्टेनर जहाजलाई ‘अज्ञात प्रक्षेप्य’ ले प्रहार गरेको छ। यसले क्षेत्रीय जलमार्ग अझै असुरक्षित रहेको सङ्केत गरेको छ।

यसैबिच इरानले युद्धविरामको कुनै सङ्केत नदिएको स्पष्ट पारेको छ। इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबाफले सामाजिक सञ्जाल एक्समा लेख्दै इरान युद्धविराम खोजिरहेको छैन भन्दै आक्रमणकारीलाई सजाय दिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

इरानी सेनाले इजरायलका सहरहरूतर्फ क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ। जेरुसेलममा हवाई हमलाको साइरन र विस्फोटको आवाज सुनिएको एएफपीका पत्रकारहरूले बताएका छन्। आपत्कालीन सेवाहरूले तत्काल ठुलो क्षतिको विवरण सार्वजनिक नगरे पनि तेलअभिवमा सयौँ मानिस घाइते भएको स्थानीय टेलिभिजनले जनाएको छ।

इरानको रिभोलुसनरी गार्ड्सले बहराइन र इराकी कुर्दिस्तानतर्फ पनि आक्रमण गरेको दाबी गरेको छ। कुवेतस्थित अमेरिकी सैन्य अड्डासमेत लक्षित गरिएको इरानी मिडियाले जनाएको छ, यद्यपि कुवेतले आठ वटा ड्रोन खसालेको मात्र पुष्टि गरेको छ। साउदी अरबले पनि शायबाह तेल क्षेत्रतर्फ आएका ड्रोन र ब्यालेस्टिक मिसाइलहरू अवरोध गरिएको जनाएको छ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या गरेको आक्रमणपछि यो युद्ध सुरु भएको थियो। त्यसपछि उहाँका छोरा मोज्ताबा खामेनीलाई उत्तराधिकारीको रूपमा चयन गरिएको छ।

तेहरानमा बम विस्फोटको त्रास अझै कायम छ। त्यहाँकी एक महिलाले बम आक्रमणले सामान्य आवासीय भवनलाई लक्षित नगरे पनि विस्फोटको आवाजले अत्यन्त डर पैदा गरेको बताउनुभयो।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार मार्च ८ सम्म युद्धमा एक हजार २०० भन्दा बढी मानिस मारिएका छन् भने १० हजारभन्दा बढी नागरिक घाइते भएका छन्। पेन्टागनले सात अमेरिकी सैनिकको मृत्यु भएको छ र करिब १४० जना घाइते भएको मात्र स्वीकारेको छ।

द्वन्द्व क्षेत्रीय सीमाभन्दा बाहिर पनि फैलिएको छ। श्रीलङ्काको समुद्रमा अमेरिकी सेनाले इरानी जहाजमाथि टार्पिडो प्रहार गरेको बताइएको छ भने अस्ट्रेलियाले इरानी महिला फुटबल टोलीका थप दुई सदस्यलाई शरण दिएको जनाएको छ।

इराक र लेबनान पनि यस युद्धका प्रोक्सी मोर्चा बनेका छन्। इराकमा इरानसँग सम्बन्धित समूहले मङ्गलबार अमेरिकी आक्रमणमा आफ्ना पाँच लडाकू मारिएको बताएको छ। लेबनानमा इरान समर्थित हिजबुल्लाहलाई लक्षित इजरायली हवाई र स्थल आक्रमणपछि सयौँ मानिस मारिएका छन् र लाखौँ विस्थापित भएका छन्।

बेरुतको दक्षिणी क्षेत्रमा बुधबार नयाँ इजरायली आक्रमण भएको खबर आएको छ। दक्षिणी सहर कानामा थप पाँच जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ। राज्य सञ्चारमाध्यमका अनुसार मध्य बेरुतको एउटा क्षेत्रमा पनि आक्रमण भएको छ।

यसअघि इरानले संयुक्त राष्ट्रसङ्घमा दिएको उजुरीमा मध्य बेरुतको समुद्री किनारस्थित होटलमा भएको आक्रमणमा आफ्ना चार कूटनीतिज्ञ मारिएको जनाएको थियो। इजरायलले भने त्यहाँ इरानको रिभोलुसनरी गार्ड्सका प्रमुख कमान्डरहरू लक्षित गरिएको दाबी गरेको छ।

युद्धको असर विश्वभर महसुस हुन थालेको छ। संयुक्त राष्ट्र व्यापार तथा विकास एजेन्सीले इन्धन र खाद्यान्नको मूल्य बढ्दै जाँदा विश्वका कमजोर समुदाय सबैभन्दा बढी प्रभावित हुने चेतावनी दिएको छ।

इजिप्टमा सरकारले इन्धनको मूल्य करिब ३० प्रतिशत बढाएपछि सर्वसाधारण चिन्तित भएका छन्। कायरोको बजारमा भेटिएकी छ सन्तानकी आमा ओम मोहम्मदले पहिले नै जीवन धान्न गाह्रो भएको भन्दै अब मानिसहरूले कसरी व्यवस्थापन गर्ने भन्नेबारे आफू चिन्तित रहेको बताउनुभयो।

# मध्यपूर्व युद्धको असर तेल बजारमा, ऊर्जा आपूर्ति जोखिममा

दुबई, ११ मार्च (एपी)। मध्यपूर्व क्षेत्रमा जारी युद्धका बिच इरानले क्षेत्रीय तेल उद्योग र ऊर्जा पूर्वाधारमाथि दबाब बढाइरहेको छ। यसले विश्वव्यापी ऊर्जा आपूर्ति प्रभावित हुन सक्ने भन्दै अन्तर्राष्ट्रिय स्तरमा चिन्ता बढ्दै गएको छ।

बुधबार बिहान इजरायल र इरानबिच पुन: आक्रमण भएको खबर सार्वजनिक भएको छ। यसैबिच इरानले क्षेत्रका तेल उद्योगसँग सम्बन्धित संरचनाहरूलाई लक्षित गर्दै विभिन्न गतिविधि तीव्र बनाएको बताइएको छ। विश्लेषकहरूका अनुसार इरानले यस्तो रणनीति अपनाएर विश्व अर्थतन्त्रमा दबाब सिर्जना गर्दै इजरायल र अमेरिकामाथि आफ्नो सैन्य कारबाही रोक्न दबाब दिन खोजेको हुन सक्छ।

इरानले पर्सियन खाडीबाट हिन्द महासागरतर्फ जाने प्रमुख समुद्री मार्ग हर्मुज जलडमरूमा जहाज आवागमनमा प्रभाव पारिरहेको छ। विश्वको करिब पाँच भागमध्ये एक भाग तेल यही समुद्री मार्गबाट ढुवानी हुने भएकाले यस क्षेत्रमा अवरोध हुँदा विश्व ऊर्जा आपूर्तिमा ठुलो असर पर्न सक्ने अनुमान गरिएको छ।

बुधबार बिहान ओमानको तट नजिकै हर्मुज जलडमरूमा एउटा कन्टेनर जहाजमा प्रहार हुँदा जहाजमा आगलागी भएको थियो। आगो नियन्त्रण बाहिर गएपछि जहाजका कर्मचारीहरूलाई जहाज छाडेर सुरक्षित स्थानमा जान बाध्य भएको जनाइएको छ।

यसैबिच कुवेतले आफ्नो हवाई सुरक्षाले इरानबाट आएका आठवटा ड्रोन खसालिएको जनाएको छ। साउदी अरबले पनि आफ्नो सायबह तेल क्षेत्रमा लक्षित पाँचवटा ड्रोनलाई बाटोमै रोकेको जानकारी दिएको छ। यी घटनाले खाडी क्षेत्रका ऊर्जा पूर्वाधारमाथि खतरा बढेको सङ्केत गरेको छ।

यस परिस्थितिबारे छलफल गर्न संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले बुधबार बैठक बस्ने तयारी गरेको छ। खाडी सहयोग परिषद्ले प्रस्तुत गरेको प्रस्तावमाथि मतदान हुने बताइएको छ। उक्त प्रस्तावमा इरानले आफ्ना अरब छिमेकी राष्ट्रहरूलाई लक्षित गर्दै भइरहेको आक्रमण रोक्नुपर्ने माग गरिएको छ।

# इरानको देशभक्तिपूर्ण अडान

**● निसान**

विश्वको ठुलो तेलको भण्डारमा एकछत्र पकड जमाउन संरा अमेरिकाले इरानमाथि फागुन १७ गते (मार्च १) मा हवाई हमला गऱ्यो । केही दशक अगाडिदेखि अमेरिकाले त्यो अपार प्राकृतिक स्रोत हात पार्न खाडी देशहरू इरान, इराक, साउदी अरब, कतार, कुवेत, बहराइन, संयुक्त अरब इमिरेटस, यमन, ओमन आदिलाई विकासको नाममा आर्थिक सहयोग हतियार दिएर एक आपसमा लडायो, भिडायो । यस लडाइँमा खाडी देशका जनता मरे । त्यस क्षेत्रको भौतिक संरचना पनि ध्वस्त भयो । हतियार व्यापारी संरा अमेरिकाले ती देशका दल, नेताहरूलाई हातमा लियो । ती सबै लगाम आफ्नो हातमा पारे । त्यसपछि देशभित्रका दल, जनताबिच, खाडी देशबिच जुधाउने, भिडाउने काम गर्दै आयो । आफूले भनेजस्तो नबस्ने सरकार प्रमुखलाई अपदस्थ र हत्या गराएर आफ्नो कठपुतली सरकार बनायो । यिनीहरूमार्फत विभिन्न देशघाती सन्धि सम्झौता गराएर ती देशको तेल अमेरिकाले लगिरहेको छ । यी साम्राज्यवादी देशहरूले अफ्रिकाको प्राकृतिक सम्पदा पनि त्यसरी नै लुटिरहेका छन् ।

संरा अमेरिकाले पानी बाराबारको अवस्थामा पुऱ्याएका ती खाडी देशहरूलाई दुई तीन वर्षअगाडि चीन छिमेकी मित्रको हात मिलाउन सफल भयो । ती देशहरूसँग चीनको न्यानो सम्बन्ध, सद्भाव र प्रभाव हुने नै भयो । यो संरा अमेरिकालाई सह्य हुने कुरै भएन । संरा अमेरिका देश-देश र जनता-जनताबिच फुटाएर लडाएर, काटमार गर्न लगाएर वा आक्रमण गरेर त्यहाँको प्राकृतिक सम्पत्ति लुट्छ भने चीन यसको ठीकविपरीत विकासमा सहयोग र साथ दिन्छ । उसले शान्ति र विकासको अवधारणाअनुसार सबै देशसँग आपसी मित्रता र सहयोगको हात बढाइरहेको विश्वले देखिरहेकै कुरा हो । त्यसअनुसार चीनको इरानसित पनि न्यानो र सुमधुर सम्बन्ध हुने नै भयो । खाडीको प्राकृतिक स्रोत एकछत्र लुट्न बाधकको रूपमा रहेको इरानको मित्र राष्ट्र चीनसँग सम्बन्ध हुनु संरा अमेरिकाको सह्य हुने कुरै भएन । त्यसैले संयुक्त राष्ट्र सङ्घको बडापत्रविपरीत केही दिनअगाडि अमेरिकाले आक्रमण गर्‍यो । चीनले र अरु देशले यसमा आपत्ति र विरोध जनाए ।

संरा अमेरिकाले सन् १९७० को दशकमा इरान र इराकलाई





भिडाइदियो । यसैले दुबै देश वा दाजुभाइको ठुलो धनजनको क्षति भयो । त्यसको अमेरिकाले फाइदा लियो । खाडीको तेल भण्डार भनेको अमेरिकाको प्राण हो । त्यो रोक्यो भने अमेरिका एक महिना पनि टिक्न सक्दैन । त्यसैले भेनेजुयलाको तेल लुट्न अमेरिकाले मादुरो दम्पत्तिलाई अपहरण गऱ्यो । अहिले ट्रम्पले त्यहाँको राष्ट्रपति पनि आफै भएको घोषणा गरेको समाचार पनि सञ्चारमाध्यममा बाहिर आयो । यो सद्दे दिमाग भएको मान्छेले गर्न सक्ने कुरा थिएन । यसअघि क्यानाडालाई आफ्नो ५१ औँ प्रान्त बनाउने घोषणा गरेको पनि भाइरल बनेको थियो । तर इराक, इरान, लिवियालगायतका देश भने उनले भनेजस्तै गरेनन् । देशभक्त नेता, राष्ट्रपति भएकै कारण उनीहरूले आफ्नो प्राकृतिक सम्पत्ति अमेरिकालाई लुट्न दिएनन्; झुकेनन् । उनीहरू देशको रक्षा, स्वाभिमानको निम्ति लड्न तयार भए । त्यसैले अमेरिकाले ती देशघाती, देशद्रोहीहरूलाई हातमा लिएर आन्तरिकरूपमा विद्रोह गर्न लगाए । संरा अमेरिकाले नाटो देशको सहयोगमा हमला गरेर सद्दाम हुसेन, कर्णेल गद्दाफी र हाल आएर खुमेनीको हत्या गरे । उनीहरू कसैले पनि आत्मसमर्पण गरेनन्, झुकेनन् बरु लडेरै मरे ।

हाल ट्रम्प प्रशासनले इरानको सरकार, सत्ता पल्टाउन फिलिपिन्स, बङ्गलादेश, नेपाल र श्रीलङ्कामा जस्तो सहयोग दिएर, उक्साएर इरानी सरकारले त्यसलाई असफल पाऱ्यो । त्यसमा ट्रम्प प्रशासन असफल भएपछि वार्ताको नाटक मञ्चन भयो । हप्ता दिनअगाडि जेनेभामा अमेरिका र इरानी प्रतिनिधि वार्तामा बसे । अमेरिकाले इरानी वार्ताकारसमक्ष तीन वटा सर्त तेर्स्याएको सञ्चारमाध्यममा आयो । ती हुन्;

१) इरानको सबै युरेनियमको भण्डार अमेरिकालाई दिनुपर्ने ।
२) इरानसँग भएको सबै प्यालेस्टिक मिसाइल नष्ट गर्नुपर्ने ।
३) इरानबाट उत्पादित सबै तेल अमेरिकालाई दिनुपर्ने ।

इरानी वार्ताकारले इरानको त्यो घाँटी रेट्ने सर्तलाई ठाडै अस्वीकार गरेर देशभक्त अडान राखे । हामी देशको लागि लड्छौँ, मर्छौं तर झुक्दैनौँ भनी कूटनीतिक जवाफ दिएर वार्तास्थलबाट बाहिरिएको कुरा पनि बाहिर आयो । अमेरिकाले इरानलाई वार्ताको नाटक मञ्चनबाट झुकाउन वा आत्मसमर्पण गराउन खोजेको थियो तर, सफल भएन । त्यो वार्ता असफल भएपछि कठपुतली जनता सरकारको विरोधमा विद्रोहमा उत्रिन्छ भन्ने सोचमा थिए । तर, परिणाम ठीक उल्टो भयो । इरानी सरकारको पक्षमा त्यहाँका युवा र जनता उभिए । उनीहरू अमेरिकी आक्रमणको विरुद्धमा खटे, उत्रिए । अमेरिकी साम्राज्यवादको अगाडि हामी इरानी जनता, देशभक्त युवा, सरकार झुक्दैन बरु देशको लागि लड्छौं, मर्छौं भनेर ट्रम्पलाई चेतावनी दिए । देशको निम्ति लड्ने र मर्ने हामी छँदै छौं भनेको सञ्चारमाध्यममा आएको थियो । आखिर अमेरिकी मिसाइल आक्रमणमा उनको हत्या भयो ।

खुमेनीको हत्यापछि त्यसको बदला लेला भनेर अमेरिकाले वार्ताको आह्वान गऱ्यो । तर, इरानले ठाडै अस्वीकार गर्‍यो । खुमेनी हत्याको हामी बदला लिनेछौँ । इरानी रक्षामन्त्री अजिजनासिर जादेहले भने, "यदि अमेरिका र इजरायलले हामीमाथि मिसाइल, बम आक्रमण गर्‍यो भने हामीले पनि खाडी र मध्यपूर्वस्थित इजरायल, जोर्डन, साउदी अरब, कुवेत, कतार, बहराइन, संयुक्त अरब इमिरेटस् आदि देशमा रहेको अमेरिकी सैनिक बेसक्यामामा मिसाइल हान्छौँ । ती सैनिक बेस क्याम्पहरूमा मिसाइल, हमला गरेर देखाए । इरानको ड्रोन आक्रमणले कतारमा रहेको १.१ अर्ब डलर खर्चेर बनाएको राडार पनि ध्वस्त पाऱ्यो । तर, विडम्बना ! इजरायल, अमेरिकाको मिसाइल आक्रमणमा रक्षामन्त्री अजिज नासिर जादेहको मृत्यु भयो । उनको जिम्मेवारी तत्काल कार्यवाहक इरानी रक्षामन्त्री इमन अल रेजाले सम्हालिसकेका छन् । मध्यपूर्वको इजरायल, जोर्डन, साइप्रसको अमेरिका बेस क्याम्पसमा पनि इरानले मिसाइल प्रहार गरेपछि अमेरिकाले त्यहाँ रहेका आफ्ना नागरिकहरूलाई देश फर्कन उर्दी जारी गरिसकेको छ । अमेरिकालगायतका युरोपेली देशहरूमा तेल लाने पर्सियन खाडीको बाटो इरानले कब्जा गरेर बन्द गरिदिएको छ । यसले अमेरिका टावामा परेको माछाजस्तो छटपटाइरहेको छ । हिजो इराकलाई पनि आफूमाथि आक्रमण गर्न आउने अमेरिकासँग लड्न सक्षम हुने कूटनीतिक सुझाव सल्लाहभित्र राष्ट्रहरूले दिएको चर्चामा आएको थियो । इरानले जस्तै नै विगतमा इराकका सद्दाम हुसेनलाई हतियार प्रयोग गर्न सक्ने अप्रत्यक्ष सुझाव दिएको भन्ने कुरा पनि त्यसबेला सुनिएको थियो । तर, सद्दाम हुसेनले बुझ्ने वा जे गरे पनि चुप लागेर उनीहरूले भनेजस्तो गर्न दिए । त्यसैले



अमेरिकाले सद्दाम हुसेनलाई सिध्याइदियो र उसका कठपुतली सरकार गठन गरिदियो । तर, इरानले भने इराकबाट पक्कै पाठ सिकेर त्यो हतियार प्रयोग गरेको अनुमान लगाउन सकिन्छ ।

आज इरानमाथि अमेरिका र इजरायलले जुन अन्तर्राष्ट्रिय मान्यताविपरीत आक्रमण गर्‍यो; त्यसको संसारभरबाट विरोध भइरहेको छ । ट्रम्पको यो कदमको विरोधमा अमेरिकी शान्तिप्रिय जनताले अमेरिकाकै विभिन्न सहरमा विरोधसभा र ऱ्याली गरिरहेका छन् । चीन, रुस, उत्तर कोरिया, क्यानाडा, स्पेनलगायतका देशले पनि विरोध गर्नुको साथै वार्ताको माध्यमबाट समस्या समाधान गर्न अपिल गरेका छन् ।

यदि खाडी र मध्यपूर्वका देशहरू अमेरिकाको पिछलग्गू, कठपुतली नहुने हो भने आफ्नो देशको स्वाभिमान, स्वतन्त्रता, शान्ति र विकास चाहने हो भने ती देशहरू असल छिमेकी मित्रको न्यानो सम्बन्धको हात अगाडि बढाएर एक ढिक्का हुन जरुरी छ र आफ्नै खुट्टामा उभिनु आवश्यक छ । अमेरिकी सैनिक अखडा, बेस क्याम्प आ-आफ्नो देशबाट फर्काउनु र हटाउनु आवश्यक छ । उनीहरूले त्यस क्षेत्रका छिमेकी मित्र देशको विरोधमा तेल भर्न, हवाई अड्डा, जल, थल र हवाई मार्ग प्रयोग गर्नबाट निषेध गर्नु आवश्यक छ । यो इरानको देशभक्ति अडानको पाठ अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूले पनि सिक्नु जरुरी छ ।

# विध्वंसात्मक हुनेछ इरानको विखण्डन

**✍ माइकल बुर्लेइघ**

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु अन्ततः आफूले चाहेअनुरूप इरानसँग युद्ध गर्न पुगे । हुन पनि इरान मध्यपूर्वको एक मात्र त्यस्तो शक्ति हो, जोसँग इजरायल त्रसित हुन्छ र जसलाई इजरायल कमजोर बनाउन चाहन्थ्यो । संयुक्त राज्य अमेरिका यस अवैध युद्धको नाम मात्रको वरिष्ठ साझेदार भए पनि यो मूलतः नेतन्याहुको युद्ध हो । किनकि, यसको रणनीतिदेखि लक्ष्यसम्म उनैले निर्देशित गरिरहेको देखिन्छ । इजरायलले नै इरानी शीर्ष नेतृत्वको छानीछानी मार्ने र छात्रा पढ्ने स्कूलसमेत नछुट्याई आक्रमण गर्दै यो युद्ध सुरु गरेको थियो ।

इजरायलले हालैका वर्षहरूमा हमास, हिजबुल्लाह र हुथीविरुद्ध यही रणनीति प्रयोग गरेको देखिँदै आएकै हो । तथापि, यसअघि नै इजरायली गुप्तचर निकाय मोसादले इरानभित्र पनि त्यस देशका भौतिकशास्त्री र इन्जिनियरको हत्या अभियान चलाइरहेको थियो । इरान नौ करोड ३० लाख मानिस भएको धेरै ठुलो देश हो, जसको आकार झन्डै युरोपको फ्रान्स, जर्मनी र स्पेनको बराबर छ । यस्तोमा विशाल देशलाई अमेरिकाले त पूर्ण कब्जा गर्न सक्दैन भने सानो आकारको इजरायलले सक्ने कुरै छैन । त्यसैले इजरायलका युद्ध सरदारहरूले लामो समयदेखि इरानलाई विभिन्न जातीय राज्यमा विभाजित गर्नुपर्ने पैरवी गर्दै आएका छन् ।

इजरायली गुप्तचर एजेन्सीले पृथकतावादलाई सघाउन सुरु गरिसकेको छ । उता युद्ध अन्त्यपछिको योजनाबारे अन्योलमा रहेको अमेरिकाले समेत यस 'रणनीति' मा विचार गर्न सुरु गरेको छ । सीएनएनको एक रिपोर्टअनुसार 'अमेरिकी गुप्तचर संस्था सीआइएले इरानमा लोकप्रिय विद्रोह भड्काउने उद्देश्यले कुर्द सेनाहरूलाई हतियार प्रदान गर्न थालिसकेको छ ।'

आखिर इरानलाई टुक्राउने विचार इजरायल र अमेरिकाभित्रका केही रणनीतिकारलाई किन आकर्षित गरिरहेको छ भनेर बुझ्न गाऱ्हो छैन । इरानको कुल जनसङ्ख्याको ६१ प्रतिशत मात्र हामीले भन्ने गरेको 'इरानी' अर्थात् फारसी जाति हुन् । फारसीपछि ठुलो सङ्ख्या अजरबैजानी टर्क जातिको छ, जसको जनसङ्ख्यामा हिस्सा करिब २४ प्रतिशत छ । विशेष देशको उत्तर-पश्चिम क्षेत्रमा सघन बसोबास भएको यो जाति अर्दाबिलमा केन्द्रित छन् । भर्खरै मारिएका देशका सर्वोच्च नेता अयातोल्लाह अली खामेनी सोही जातिका थिए ।

'अजेरी' भनिने अजरबैजानी टर्क जातिपछि धेरै इरानी कुर्दहरू छन्, जसको सङ्ख्या ७० लाखदेखि १.४ करोडसम्म रहेको छ । छिमेकी इराकको स्वायत्त कुर्दिस्तानसँग जोडिएका उत्तर-पश्चिमी सीमावर्ती प्रान्तहरूमा यो जातिको बसोबास छ । इराकी कुर्दिस्तानसँग सीमा जोडिएकाले दुई देशका कुर्दहरू सीमाबाट सहज आवतजावत गर्ने गरेको इतिहास छ । यही अवस्थितिलाई हेरेर मोसाद र सीआइएले पनि कुर्दहरूलाई पृथकतावादी आन्दोलन उठाउन उचाल्न खोजेका छन् । यदि इरानी कुर्दहरूले पहिले विभिन्न मार भोगिरहेका इरानी सुरक्षा बलविरुद्ध ठुलो आक्रमण गर्न सके भने सम्भवतः सीमापारिका अन्य कुर्दहरूले पनि तिनलाई थप समर्थन दिन सक्छन् ।

फारसी, अजेरी र कुर्दपछि इरानको अर्को प्रमुख जाति बलुच हो, जो प्रायः देशको पूर्वी भागमा बस्छन् । पाकिस्तानको अस्थिर बलुचिस्तान प्रान्तसँग सीमा जोडिएको क्षेत्रमा तिनको बसोबास केन्द्रित छ । त्यस भेगमा अमेरिकाले समेत आतङ्कवादी समूह भनिएको 'जैस अल-अदल' ले लामो समयदेखि इरानी सुरक्षा बलविरुद्ध लड्दै आएको छ । अर्को उल्लेखनीय जाति हो, तेलसम्पन्न पश्चिमी प्रान्त खुजेस्तानमा बस्ने करिब ५०-७० लाख अहवाजी अर । जसरी सुन्नी बहुल साउदी अरबको तेलसम्पन्न पूर्वी प्रान्तमा सियाहरू दयनीय रूपमा उत्पीडित जीवन बिताउँछन्, त्यसै गरी सिया बहुल इरानमा बस्ने यो समूह प्रताडित मानिन्छ ।

विभिन्न फरक मातृभाषा भएका यी इरानी अल्पसङ्ख्यक जातिलाई लामो समयदेखि फारसी भाषा प्रयोग गर्न बाध्य पारिएको छ । ती जातिले विभिन्न समयमा इस्लामिक गणतन्त्रका सुरक्षा बलहरूको हिंसात्मक दमन भोगेको इतिहास भेटिन्छ । जस्तो देशको जनसङ्ख्याको ८-१७ प्रतिशत मात्र हिस्सा रहेको कुर्दहरू राजनीतिक कारणले दिइने मृत्युदण्ड वा कैदमा ठुलो हिस्सा ओगट्छन् ।

तर, पृथकतावादी अभियान भड्काउने कुरामा अमेरिकाको धेरै खराब ट्र्याक रेकर्ड छ । यो कुरा सन् १९९१ मा 'अपरेसन डिजर्ट स्टर्म' का क्रममा इराकमा मार्स अरब र इराकी कुर्दहरूको विद्रोह उठाउने प्रयासमै देखिसकेको छ । बारम्बार चाहिँदा त्यस्तो समयलाई उक्साउने र पछि त्यसै त्यागिदिएको अमेरिकाको इतिहास छ । खासमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भर्खरै पनि सिरियाका कुर्दहरूलाई त्यसरी नै अलपत्र छाडिदिएका छन् । ट्रम्पको पहिलो कार्यकालमा अमेरिकाले इस्लामिक स्टेट ( आइएस)लाई पराजित गर्न सहयोग लिएको सो जातिलाई अहिले सिरियाका सुन्नी राष्ट्रपति अहमद अलसाराले आक्रमण गरिरहँदा साथ छाडिदियो ।

उसो त इजरायल सम्पूर्ण मध्यपूर्वलाई नै बाल्कनीकरण (टुक्राटुक्रा) गर्न चाहन्छ । यसोभए मात्र आफ्नो क्षेत्रीय प्रभुत्वलाई चुनौती दिन सक्ने कुनै शक्ति नबच्ने उसको आकलन छ । तर, इजरायलको त्यस्तो चाहनाले अमेरिका वा बाँकी क्षेत्रको हित गर्छ ? ट्रम्पले यस भेगमा अर्का 'कडा नेता' पनि छन् भनेर बिर्सिनुहुँदैन, जो टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान हुन् । कुर्द पृथकतावादी आन्दोलन दबाउन दसकौँ खर्चिएका एर्दोगानले पुनः त्यस्तो आन्दोलन उठे सैन्यशक्ति प्रयोग गर्न हिचकिचाउँदैनन् । यो कुरा उनले आफ्नै देशका पिकेकेविरुद्ध मात्र होइन, छिमेकी सिरियामा सेना तेनाथ गरेर पुष्टि गरिसकेका छन् ।

आफ्नो सीमा जोडिएको इरानमा कुर्द राज्य स्थापनाको सम्भावनालाई टर्कीले कुनै हालतमा स्वीकार्ने सम्भावना छैन । त्यस्तो निकायविरुद्ध टर्कीले कुनै कदम चाल्यो भने त्यसपछि इजरायलले के गर्नेछ ? इजरायलले टर्कीविरुद्ध युद्ध सुरु गरेका अमेरिका त्यसमा सामेल हुन गाऱ्हो हुनेछ । किनकि टर्की नेटो सदस्य हो । नेटोको आर्टिकल पाँचले कुनै सदस्यमाथि आक्रमण भए सबैले सघाउनुपर्ने व्यवस्था गरेको छ । यदि टर्कीविरुद्धको आक्रमणको समयमा अमेरिकाले टर्कीलाई नभएर इजरायलाई सघाएमा अमेरिका नेटोबाट बाहिरिनुपर्ने हुन्छ । टार्न सकिने त्यस युद्धपछि निम्तिने शरणार्थी सङ्कटको लहरले सम्पूर्ण युरोप प्रभावित हुनेछ ।

यी केवल सबैभन्दा अनुमानित समस्या हुन् । यसका अझै धेरै अज्ञात खतरा हुन सक्छन् । खण्डित इरान अत्यधिक अस्थिर हुनेछ । यसले इरानभित्र जातीय सफायाका अतिरिक्त छिमेकमा पनि द्वन्द्व फैलिने सम्भावना छ । नोबेल शान्ति पुरस्कार जित्ने ट्रम्पको उत्कट चाहनाका कारण धेरैले उनले विश्व राजनीतिमा संयमता अपनाउने ठानेका थिए । तर, पछिल्लो समय उनको सल्लाहकार समूहमा बढेको युद्धपक्षधरको सङ्ख्याले उनलाई इजरायली प्रधानमन्त्रीलाई सहयोग गर्नुपर्ने अवस्थामा पुऱ्याएको हुनुपर्छ । र, नेतान्याहुको त नीति नै एकपछि अर्को युद्ध सामेल हुनेजस्तो देखिन्छ । उनलाई जति मान्छे मारिए पनि वा जति आर्थिक क्षति भए पनि केही मतलब भएको देखिँदैन ।

(बुर्लेइघ 'लन्डन स्कूल अफ इकोनोमिक्स' का वरिष्ठ फेलो हुन् ।)

*- प्रोजेक्ट सिन्डिकेटबाट*

# अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी सम्बन्ध र संस्कृति आदानप्रदानको दृष्टिले महत्त्वपूर्ण

काठमाडौँ, २७ फागुन । काठमाडौँमा बुधबारदेखि 'आइज टु एज' शीर्षकमा अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी सुरु भएको छ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको समसामयिक चित्रकला विभाग र शिल्प-हस्तकला विभागको सहकार्य तथा कोचिन फाइनआर्ट क्लब, भारतको आयोजनामा सुरु भएको अन्तरराष्ट्रिय कला प्रदर्शनीमा नेपाल, भारत र बङ्गलादेशका कलाकारका सिर्जनाहरू समावेश गरिएको छ ।

प्रदर्शनी उद्घाटन गर्दै नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले नेपाल र भारतबिचको सांस्कृतिकसम्बन्ध प्राचीन विरासतदेखि नै गहिरो बताउँदै यस्ता प्रदर्शनीले थप प्रगाढ बनाउने बताउनुभयो ।

उहाँले हिमवत्खण्डदेखि नै दुई देशबिच भाइचाराको सम्बन्ध कायम रहेको उल्लेख गर्दै वैदिक कालदेखि नै सांस्कृतिक र कलात्मक सूत्रहरू जोडिँदै आएको र दक्षिण एसियाली कलामा यसको उल्लेखनीय प्रतिविम्ब देखिने गरेको बताउनुभयो ।

भारतीय कलाकार एवं प्रदर्शनीका क्युरेटर मनोज भिएनले प्रतिष्ठानसँगको सहकार्यमा यस कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपाल र भारतबिच परम्परागत रूपमा कला र संस्कृतिका धेरै विषयहरू मिल्दाजुल्दा भएकाले पनि प्रदर्शनी प्रभावकारी भएको बताउनुभयो ।

कार्यक्रमका संयोजक एवं प्रतिष्ठानका शिल्प-हस्तकला विभाग प्रमुख अरुणा हिङमाङले यस किसिमका प्रदर्शनीले दुई देशको कला, संस्कृतिको आदानप्रदानमा सहयोग पुग्ने बताउनुभयो । उहाँले आपसी सम्बन्धर संस्कृति विस्तारकै लागि यो प्रदर्शनी गरिएको बताउनुभयो ।

प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय बान्तवाले कोचिनसँगको सहकार्यले आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्न थप ऊर्जा र प्रेरणा मिलेको बताउनुभयो । उहाँले भारतसँग धेरै विषय मेल खाने र संस्कृति पनि समानप्रकारका रहेको बताउनुभयो ।

भारतीय कलाकार पवल पागलले नेपाल भारतको सांस्कृतिक महत्त्व एकैखालको रहेको स्मरण गर्दै कार्यक्रममा कविता वाचन गर्नुभएको थियो । अर्का कलाकार उदय राजले भारतको कालजयी गीत बाँसुरी बजाएर प्रस्तुत गर्नुभएको थियो ।

नेपाल, भारत र बङ्गलादेशका कलाकारका ३० कलाकृति रहेको यस प्रदर्शनी फागुन ३० गतेसम्म चल्ने छ । प्रदर्शित कलाकृति समसामयिक, धार्मिक, सांस्कृतिक र जनजीवनसँग सम्बन्धित रहेका छन् । कला प्रदर्शनीका लागि भारतबाट पाँच जना कलाकार नेपाल आएका छन् ।

# निर्वाचनका लागि स्थापना गरिएका विशेष एकाइ तथा समन्वय केन्द्र बन्द गरिने

काठमाडौँ, २७ फागुन । निर्वाचन आयोगले यही फागुन २१ गते सम्पन्न निर्वाचनको तयारीका लागि आयोगको केन्द्रीय कार्यालयमा स्थापना गरेका विशेष एकाइ तथा समन्वय केन्द्रहरू बन्द गरेको छ ।

आयोगको मङ्गलबारको निर्णयअनुसार बुधबारदेखि लागू हुने गरी विशेष एकाइ र केन्द्रहरू बन्द गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ लाई लक्षित गरी निर्वाचनको समग्र व्यवस्थापन, सूचना प्रवाह, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन आयोगले विशेष एकाइ तथा समन्वय केन्द्रहरू स्थापना गरेको थियो ।

निर्वाचन प्रक्रियासँग सम्बन्धित सूचनाको प्रभावकारी सम्प्रेषण, सरोकार भएका निकायबिच समन्वय तथा मतदाता र सर्वसाधारणलाई आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्यले आयोगले गत पुस ११ गतेदेखि निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र (ईआईडीसी) स्थापना गरेको थियो ।

त्यस्तै, मतदाता र आमसर्वसाधारणका निर्वाचनसँग सम्बन्धित जिज्ञासा सम्बोधनका लागि गत माघ ५ गतेदेखि 'कल सेन्टर' र सुरक्षा निकायबिच सहकार्य तथा निर्वाचन प्रक्रियाको समग्र समन्वयका लागि गत माघ ११ गतेदेखि संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) सञ्चालनमा ल्याइएकामा मतदान एवं मतगणनाको कार्य सम्पन्न भएपछि आजदेखि लागू हुने गरी ती एकाइ र केन्द्रहरू बन्द गरिएको उहाँले बताउनुभयो ।

सञ्चालन अवधिभर निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र मातहतको सूचना सदाचार प्रवर्द्धन एकाइले निर्वाचनसम्बन्धी ९९८ हानिकारक सूचना पहिचान र विश्लेषण गरी सम्बन्धित नियामक निकायमा पठाएको छ । यस्तै केन्द्र मातहतका विद्युतीय मतदाता शिक्षा एकाइले निर्वाचन प्रक्रिया, मतदाता शिक्षा तथा निर्वाचन सचेतनासम्बन्धी श्रव्यदृश्य (भिडिओ) र पोस्टर गरी ७०४ वटा सामग्री निर्माण गरी आयोगको डिजिटल प्लेटफर्मबाट प्रकाशन तथा प्रसारण गरेको छ ।

प्रेस कार्यालयले आयोगका काम कारबाहीको सूचना प्रवाह, सञ्चारमाध्यमसँगको समन्वय र प्रेस ब्रिफिङ, दैनिक पत्रपत्रिकाका सामग्री विश्लेषण, आचारसंहिताविपरीतका सामग्री पहिचान र कारबाहीका लागि सिफारिस तथा मतदाता शिक्षाका सामग्री निर्माण गरेको छ । साथै कल सेन्टरले मतदाता नामावली, मतदाता शिक्षा, निर्वाचन आचारसंहिता तथा निर्वाचन प्रक्रियाका अन्य विषयसमेत गरी आम मतदाताका आठ हजार २२० जिज्ञासाको सम्बोधन गरेको आयोगले जनाएको छ ।

संयुक्त निर्वाचन सञ्चालन केन्द्रले मतपत्र र निर्वाचन सामग्री ढुवानीमा सुरक्षा समन्वय तथा ट्र्याकिङ गर्ने, हवाई ढुवानी कार्ययोजनाको तयारी र कार्यान्वयन एवं समन्वय, मतदान केन्द्रसम्म मतपत्र र निर्वाचन सामग्री ढुवानीको ट्र्याकिङका साथै निर्वाचन सुरक्षासम्बन्धी विभिन्न सूचना सङ्कलन, विश्लेषण, समन्वय र प्रतिवेदनलगायतका काम त्रुटिरहित तवरले सम्पादन गरी निर्वाचन सुरक्षा समन्वय र व्यवस्थापनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक कार्यसम्पादन गरेको छ ।

निर्वाचन अवधिमा केन्द्र र मातहतमा रही समन्वय, सूचना व्यवस्थापन तथा सेवा प्रवाहमा प्रत्यक्ष एवं परोक्ष रूपमा संलग्न भएकोमा गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग तथा सम्बन्धित कार्यमा खटिनुभएका विज्ञ तथा सम्पूर्ण कर्मचारीहरूको समर्पण, दक्षता र सक्रियताप्रति आयोगले धन्यवाद तथा आभार व्यक्त गरेको छ । ***रासस***

# ग्यासको अनावश्यक भण्डारण नगर्न र बिजुलीको खपत बढाउन निगमको आग्रह

काठमाडौँ, २७ फागुन । नेपाल आयल निगमले पेट्रोलियम पदार्थ तथा ग्यासको आवश्यक परिमाणमा मात्र खरिद तथा प्रयोग गर्न आग्रह गरेको छ । निगमले बुधबार विज्ञप्ति जारी गर्दै मासिक एक सिलिन्डर खपत हुने अवस्थामा अरू सिलिन्डर नभर्न, अनावश्यक भण्डारण नगर्न र ग्यासको सट्टा बिजुलीको खपत बढाउन आग्रह गरेको हो ।

नेपाल पेट्रोलियम पदार्थमा पूर्ण रूपमा आयातमा परनिर्भर रहेको अवस्थामा यसको खपतमा केही सुरक्षात्मक प्रबन्ध गर्न जरुरी रहेको निगमले स्पष्ट पारेको छ । अनावश्यक रूपमा ग्यास सिलिन्डर होल्डिङ गरेको पाइएमा, बढी मूल्य लिई ग्यास तथा पेट्रोलियम पदार्थ बिक्री गरेमा, नयाँ सिलिन्डरको बजारीकरण गरेको पाइएमा कारबाही हुने निगमले जनाएको छ ।

निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "औद्योगिक प्रयोगमा पेट्रोलियम पदार्थ तथा ग्यासको खपत कम गर्ने, इन्धन तथा एलपी ग्यासको आयात र बिक्री वितरणको अवस्था नियमित भइरहेको एवं आगामी दिनमा पनि निरन्तर हुँदै जाने भए तापनि मध्यपूर्वमा देखिएको समस्याका कारण विश्वमा पर्ने प्रभावबाट नेपाल पनि अछुत हुन नसक्ने सम्भावनालाई दृष्टिगत गरी आवश्यक परिणाममा मात्र इन्धन तथा ग्यास खरिद गर्न र अनावश्यक भण्डारण नगर्न अनुरोध छ ।"




जन्म : २००७ श्रावण २७ गते
मृत्यु : २०८२ फागुन १६ गते

यस विद्यालयका शिक्षक **विशाल राजचल**का पूजनीय बुबा **विष्णुभक्त राजचल**को असामयिक निधन भएको तेऱ्हौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बाल विकास सेकेण्डरी स्कुल**
लिवाली, भक्तपुर



## स्कुटर हराएको सूचना

मिति २०८२/०९/०६ गते राती १०:३० बजेको समयमा बा.प्र.०२-०६२ प २८३३ नम्बरको स्कुटर कमलपोखरी (बोडे) मध्यपुर थिमि नगरपालिका-८ मा पार्किङ गरी राखेको अवस्थामा चोरी भएको हुँदा उक्त स्कुटर देख्नुहुने महानुभावहरूले निम्न उल्लिखित सम्पर्क नं वा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछु ।

**नाम** : संजय बाटा श्रेष्ठ
**ठेगाना** : कमलपोखरी (बोडे) मध्यपुर थिमि नगरपालिका-८
**सम्पर्क** : ९८४३४९५६६८

**मोटरसाइकलसम्बन्धी विवरण**

**कम्पनीको नाम** : TVS/NTORQ
**मो.स.नं.** बा.प्र.०२-०६२ प २८३३
**मो. सा. को पावर** : १२५ सी.सी.
**मोटरसाइकलको रंग** - ग्रे स्कुटर
**इन्जिन नं.** AK3HS2709166
**च्यासिस नं.** MD626AK32S2H06J69



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप माध्यमिक विद्यालय
भ.न.पा. ६, देकोचा, भक्तपुर

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८२/११/२८**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको लागि ट्र्याक सुट खरिदको लागि (अनलाइन) सिलबन्दी दरभाउपत्र आह्वानको सूचनाअनुसार दर्ता भएकामध्ये तपसिल दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, नियमानुसार सम्बन्धित सरोकारवाला तथा दरभाउपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विवरण | बोलपत्र नं. | कबोल अङ्क Including Vat | छनोट भएको दरभाउपत्रदाता |
|---|---|---|---|
| Supply and Delivery of Track Suit | Khwopass/SQ/Goods/TR/082/83 | NRs. 13,91,256 | Shree Banagalamukhi Fashion Center |



## हार्दिक समवेदना



जन्म: २००७/०६/११
निधन: २०८२/११/२४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ८ जेला टोल बस्ने यस संस्थाका सदस्यता नं. ४३४१ का सदस्य **बिकुलाल लुबन्जार**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## हार्दिक समवेदना



जन्म: २००१/०१/०२
निधन: २०८२/११/१८

यस समितिका सदस्य दशबहादुर मानन्धरकी ममतामयी आमा **बसतमाया मानन्धर**को मिति २०८२।११।१८ गते असामयिक निधन भएको दु:खद घडीमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल क्रान्तिकारी युवा सङ्घ**
भनपा–७, गोमारी एकाइ समिति



## हार्दिक समवेदना



जन्म: २००७/०७/०८
निधन: २०८२/१०/१७

यस संस्थाको सदस्यता नं ३१८३ का सदस्य **लक्ष्मीनारां तुल्सीबाख्यो**को असामयिक निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-९, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा